सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

nayapatrikadaily.com

# नयाँ पत्रिका

२५ साउन २०८१, शुक्रबार (9 Aug 2024, Friday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १८ ■ अंक ११९ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

# प्राधिकरणले बुझायो प्रमाणको चाङ

संसद्को सार्वजनिक लेखा समितिले प्रमाण मागेपछि विद्युत् प्राधिकरणले पाँच दिन लगाएर प्रिन्ट गरी बुझायो टिओडी मिटरदेखि लग सिटसम्मका करिब ८० हजार पाना विवरण, लोडसेडिङका वेला उद्योगीले विद्युत् प्रयोग गरेको पुष्टि हुने तथ्यांक दिएको भनाइ

■ प्राधिकरणका उपकार्यकारी निर्देशक मनोज सिलवाल भन्छन्-



हामीले बक्यौता उठाउने भनिएको अवधि अर्थात् ०७२ माघदेखि ०७५ वैशाखसम्मको अवधिको लग सिट डाटा पठाएका छौँ । त्यसमा ६१ उद्योगकै पूर्ण विवरण छ । यो विवरणले सबै उद्योगमा लोडसेडिङका वेला विद्युत् प्रयोग गरेको स्पष्ट देखिन्छ ।

■ सार्वजनिक लेखा समितिका सचिव एकराम गिरी भन्छन्-



विद्युत् प्राधिकरणले विभिन्न विवरण बुझाएको छ । त्यो धेरै नै छ । अब त्यसको अध्ययन अघि बढाउँछौँ ।

**मिलन विश्वकर्मा**/नयाँ पत्रिका

नेपाल विद्युत् प्राधिकरणले लोडसेडिङका वेला ६१ उद्योगले डेडिकेटेड फिडर र ट्रंकलाइनमार्फत उपभोग गरेको विद्युत्को टाइम अफ डे (टिओडी) मिटरको डाटासहितका विवरण सार्वजनिक लेखा समितिलाई बुझाएको छ । प्राधिकरणले टिओडी मिटरको डाउनलोड विवरण, टिओडी मिटरकै लोड प्रोफाइलसहितको डाटा, विभिन्न समितिको अध्ययन प्रतिवेदन, विभिन्न अदालतको फैसला, लग सिटलगायत विवरण बिहीबार लेखा समितिलाई बुझाएको हो ।

- बक्यौता उठाउनुपर्छ भन्दा हटाइएका प्राधिकरण सञ्चालकद्वयलाई सर्वोच्चले गरायो पुनर्बहाली
- यशोधा फुड्स र जय दुर्गा प्लास्टिकले पनि तिरे बक्यौता

प्राधिकरणले ३० पोका र दुई थानमा उक्त विवरण बुझाएको छ । करिब ८० हजार पाना यस्तो विवरण बुझाएको प्राधिकरणले जनाएको छ । प्राधिकरणले

» पृष्ठ २ मा क्रमशः

## ■ लेखा समितिलाई के–के कागजात बुझायो, किन बुझायो ?

**■ प्राधिकरणका सञ्चालक मिश्र तथा पुन नेतृत्वको उपसमितिको प्रतिवेदन**

तत्कालीन मुख्यसचिव लीलामणि पौड्याल विद्युत् प्राधिकरण सञ्चालक समितिको अध्यक्ष रहेका वेला सरकारी अस्पतालबाहेक अन्यलाई डेडिकेटेड लाइनबाट विद्युत् आपूर्ति नगर्ने निर्णय भएको थियो । तर, ऊर्जामन्त्रीका रूपमा राधा ज्ञवाली सञ्चालक समितिको अध्यक्ष र मुकेश काफ्ले प्राधिकरणको कार्यकारी निर्देशक भएपछि यो निर्णय उल्ट्याइयो । २५ माघ ०७१ मा प्राधिकरण सञ्चालक समिति सदस्य मनोजकुमार मिश्रको संयोजकत्वमा लोडसेडिङका वेला उद्योगहरूमा कसरी बढी समय विद्युत् उपलब्ध गराउन सकिन्छ भनेर मापदण्डसहित सिफारिस गर्न उपसमिति बनाइयो । त्यही समितिले अघिल्लो निर्णय उल्ट्याउँदै प्रिमियम मूल्यमा उद्योगहरूमा बढी समय विद्युत् आपूर्ति गर्न सिफारिस गरेको थियो । १२ असार ०७२ मा सञ्चालक समितिले उद्योगहरूमा डेडिकेटेड फिडरबाट २४ घण्टासम्म विद्युत् दिने र नियमित महसुलमा थप ६५ प्रतिशत प्रिमियम शुल्क लिने निर्णय गरेको थियो । त्यसकै आधारमा चरम लोडसेडिङका वेला १ साउन ०७२ देखि उद्योगहरूमा २४ घण्टासम्म विद्युत् आपूर्ति गरिएको थियो । तत्कालीन विद्युत् महसुल निर्धारण आयोगले यो निर्णय २९ पुस ०७२ मा अनुमोदन गरेको थियो ।

त्यस्तै, प्राधिकरणले ३१ वैशाख ७५ मा तत्कालीन सञ्चालक भक्तबहादुर पुनको संयोजकत्वमा डेडिकेटेड फिडर र ट्रंकलाइनबापत विद्युत् प्रयोग गर्ने उद्योगको पहिचान र महसुल कार्यान्वयन सम्बन्धमा उपसमिति बनाएको थियो । यो उपसमितिले उद्योगहरू पहिचान गरेर महसुल उठाउन सिफारिस गरेको थियो । त्यसकै सिफारिसका आधारमा प्राधिकरणले २९ चैत ०७५ मा उद्योगहरूलाई प्रिमियम महसुल तिर्न छुट बिल जारी गर्ने निर्णय गरेको थियो ।

**■ टिओडी मिटर डाटा डाउनलोड विवरण (१ पोका)**

०७३ जेठसम्म कार्यान्वयनमा रहेको विद्युत् महसुल संकलन विनियमावली ०६९ मा टिओडी मिटरको तथ्यांक डाउनलोड गरेर अनिवार्य राख्नुपर्ने व्यवस्था थिएन । असारदेखि कार्यान्वयनमा आएको ०७३ को विनियमावलीमा भने टिओडी मिटरको तथ्यांक डाउनलोड गर्नुपर्ने व्यवस्था गरियो । यो विनियमावलीको बुँदा १० मा भनिएको छ, 'टिओडी मिटर जडान भएका ग्राहकको हकमा हरेक वर्षको चैत महिनामा मिटर रिडिङको अतिरिक्त अनिवार्य रूपले डाटा डाउनलोड गरी सोको प्रतिवेदन सम्बन्धित क्षेत्रीय कार्यालय र उपनिर्देशकको कार्यालयमा पठाउनुपर्नेछ ।' यो नियमअनुसार प्राधिकरणले उद्योगको टिओडी मिटरबाट नियमित रूपमा 'स्ट्यान्ट ट्यान्स' तथ्यांक डाउनलोड गरेर राख्नुपर्छ । जसमा मासिक रूपमा कुन समयमा कुन उद्योगमा कति विद्युत् खपत भयो भन्ने तथ्यांक हुन्छ । रात, दिन र साँझमा खपत भएको विद्युत्को मासिक तथ्यांक डाउनलोड गर्न सकिन्छ । त्यसकै आधारमा प्राधिकरणले हरेक वर्षको चैत महिनामा तथ्यांक डाउनलोड गरेर राखेको छ ।



प्राधिकरणले लेखा समितिमा पठाएका कागजातका केही पोका । तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

**■ लोड प्रोफाइलसहितको टिओडी मिटर डाटा डाउनलोड विवरण (तीन पोका)**

०७७ देखि कार्यान्वयनमा आएको विद्युत् महसुल संकलन विनियमावलीले बल्ल लोड प्रोफाइलसहितको टिओडी मिटर डाटा डाउनलोड तथ्यांक अनिवार्य रूपमा राख्नुपर्ने व्यवस्था गर्‍यो । यो विनियमावलीको बुँदा ५(५) मा भनिएको छ, 'टिओडी मिटर जडान भएका उपभोक्ताहरूको हकमा हरेक वर्षको चैत महिनामा वार्षिक मिटर रिडिङ तथा लोड प्रोफाइलसहितको डाटा डाउनलोड प्रतिवेदन सम्बन्धित कार्यालयले तालुकको प्रादेशिक/डिभिजन कार्यालय र वितरण तथा ग्राहक सेवा निर्देशनालयमा पठाउनुपर्नेछ ।' यस्तो तथ्यांकमा कुन उद्योगले कुन दिन, कुन समयमा कति विद्युत् उपभोग गर्‍यो भन्ने सम्पूर्ण विवरण हुन्छ । प्राधिकरणले यो विनियमावली लागू भएयताको यस्तो सम्पूर्ण विवरण राखेको छ । तर, यो विनियमावली लागू हुनुभन्दा पहिला पनि प्राधिकरणले आन्तरिक प्रयोजनका लागि धेरै उद्योगहरूको यस्तो तथ्यांक डाउनलोड गरेर राखेको थियो, त्यो पनि बुझाइएको छ ।

**■ लग सिट (२४ पोका)**

लग सिट विद्युत् सबस्टेसनहरूले उद्योगहरूमा बिजुली आपूर्ति गरेको प्रमाण देखाउने दस्तावेज हो । उद्योगमा दैनिक कुन समयमा कति विद्युत् आपूर्ति भएको, कति भोल्टेज आपूर्ति भएकोलगायतका सम्पूर्ण विवरण यसमा हुन्छ । लग सिटमा घण्टाअनुसारकै विद्युत् आपूर्तिको विवरण हुन्छ । प्राधिकरणका उपकार्यकारी निर्देशक मनोज सिलवालका अनुसार महत्त्वपूर्ण प्रमाण मानिने लग सिटको ६१ उद्योगकै डाटा लेखा समितिमा बुझाइएको छ ।

**■ अदालतका आदेश/फैसला (१ पोका)**

विभिन्न उद्योगले दायर गरेको रिटमा उच्च अदालत पाटनले टिओडी मिटर वा अन्य प्राविधिक विश्लेषणबाट विद्युत् प्रयोग गर्‍एको यकिन हुने दस्ताबेजलाई पनि प्रमाणका रूपमा मान्न सकिने व्याख्या गरेको छ । ५ असोज ०७६ मा गरेको फैसलामा उच्च अदालतले यस्तो व्याख्या गरेको थियो । यो व्याख्याअनुसार लग सिट पनि महत्त्वपूर्ण प्रमाण हुने प्राधिकरणको भनाइ छ । योसहित विभिन्न समयमा जिल्ला, उच्च र सर्वोच्चबाट भएका आदेश/फैसलाका प्रतिलिपि पनि बुझाइएको छ ।

**■ ०७२ माघदेखि ०७५ वैशाखसम्मको बक्यौता महसुलसम्बन्धी बिल तथा विवरणहरू (१ थान)**

विद्युत् प्राधिकरणले बक्यौता उठाउने सम्बन्धमा लेखा समितिकै पहिलाको निर्देशन, अख्तियारको राय, महालेखाका प्रतिवेदन, सरकारले नै गठन गरेका विभिन्न अध्ययन समितिका प्रतिवेदन र मन्त्रिपरिषद्ले विभिन्न समयका गरेका निर्णयका प्रतिलिपि पनि सार्वजनिक लेखा समितिमा पेस गरेको छ ।

## १० वर्षमा विमानस्थलबाट मात्रै भित्रियो सवा दुई अर्बको कोकिन

**बरामदमध्ये २८% कोकिनको गन्तव्य दिल्ली, विगतमा नेपाल हुँदै हङकङ पनि पुर्‍याइन्थ्यो**



पछिल्लो डेढ महिनामा मात्रै ४४ करोड रुपैयाँबराबरको १३.०९१ केजी कोकिन त्रिभुवन विमानस्थलबाटै बरामद भएको छ ।

(विस्तृत पृष्ठ ३)

## बंगलादेशमा युनुसले लिए शपथ



अन्तरिम सरकारका प्रमुख डा. मोहम्मद युनुस र १६ सल्लाहकारको शपथ

(विस्तृत पृष्ठ ५)

## भूराजनीति र सत्तास्वार्थको चपेटामा बंगलादेश



अग्रलेख

● डा. पूर्ण सिलवाल
*(सेनाका अवकाशप्राप्त उपरथी)*

बंगलादेश र श्रीलंकाका घटनाले अब दक्षिण एसियाको राजनीतिमा जनशक्ति नै प्रबल र निर्णायक बन्न पुगेको देखाएका छन्

(लेख पृष्ठ ४)

## अन्नपूर्ण र मुस्ताङ हेलिकोप्टर उडानमा रोक

उडान सुरक्षा कमजोर देखिएपछि एओसी निलम्बन गर्न सोधियो ७२ घन्टे स्पष्टीकरण



● **ज्ञानेन्द्र भुल,** सूचना अधिकारी, क्यान



सन् २०२४ को सात महिनाको अडिटमा सेफ्टी म्यानेजमेन्ट सिस्टम 'एसएमएस' ६० प्रतिशतभन्दा कम भएकाले दुईवटै हेलिकोप्टर कम्पनीलाई तत्काले लागू हुने गरी उडानमा रोक लगाइएको छ । दुवै वायुसेवा कम्पनीलाई सफाइ पेस गर्न तीन दिनको समय दिइएको हो । तीन दिनभित्र प्रमाणसहित सन्तोषजनक जवाफ प्राप्त नभएमा एओसी निलम्बन गरिनेछ ।

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

## सशस्त्रमा ९९ इन्स्पेक्टर माग, ७४ मात्रै पास

नयाँ पत्रिका

सशस्त्र प्रहरी बलमा ९९ जना प्रहरी निरीक्षक (इन्स्पेक्टर) माग भएकोमा लिखित परीक्षामा ७४ जना मात्र उत्तीर्ण भएका छन् । आरक्षण कोटामा मागभन्दा न्यून उत्तीर्ण भएका छन् । लिखित परीक्षामा खुला र आरक्षण कोटामा गरी कुल तीन सय सातजना सहभागी थिए ।

लोकसेवा आयोगले बिहीबार प्रकाशित गरेको नतिजाअनुसार खुलातर्फ ५४ र आरक्षणतर्फ ४५ कोटा छुट्याइएको थियो । आरक्षणतर्फ पिछडिएको क्षेत्रबाहेक अन्य समूहमा मागभन्दा कम उत्तीर्ण भएका हुन् ।



**सुरक्षा निकायको जागिरमा आकर्षण कम हुँदा तुलनात्मक रूपमा आवेदन कम परेको र लोकसेवा आयोगको पाठ्यक्रम निकै कठिन रहेकाले पनि थोरै उत्तीर्ण भएको हुन सक्ने सशस्त्र प्रहरीका अधिकारीहरूको बुझाइ**

आठ महिला माग भएकोमा चारजना मात्रै उत्तीर्ण भएका छन् । दलित समुदायका लागि सात कोटा छुट्याइएकोमा तीनजना मात्र उत्तीर्ण भएका छन् । आदिवासी जनजातितर्फ १३ मा नौ, मधेशीतर्फ ११ मा तीन र अमर तथा अशक्त प्रहरीका सन्तानका लागि छुट्याइएको चार कोटामा एकजना पनि उत्तीर्ण भएनन् ।

यसरी समावेशी कोटातर्फ रिक्त रहेका पदलाई पनि खुलातर्फ जोडेर लोकसेवा आयोगले नतिजा प्रकाशन गरेको छ । त्यति हुँदा पनि ७४ जना मात्र उत्तीर्ण भएका छन् । समावेशीतर्फ लिखित परीक्षामा सफल हुने सबैले खुलामा पनि नाम निकालेका थिए ।

एकातर्फ सुरक्षा निकायको जागिरमा सर्वसाधारणको आकर्षण कम हुँदा तुलनात्मक रूपमा आवेदन कम परेको र अर्कोतर्फ लोकसेवा आयोगको पाठ्यक्रम निकै कठिन रहेकाले पनि थोरै उत्तीर्ण भएको हुन सक्ने सशस्त्र प्रहरीका एक अधिकारी बताउँछन् । विगतदेखि नै समावेशी कोटामा मागभन्दा कम उत्तीर्ण हुने गरेका छन् ।

# नाकामा कडाइ

बंगलादेशमा उत्पन्न राजनीतिक घटनाक्रमले सम्भावित घुसपैठको जोखिम मध्यनजर गर्दै भारतसँग जोडिएका नेपाली सीमामा कडाइ, परिचयपत्र अनिवार्य



झापा

बिहीबार साँझ पूर्वीनाका काँकडभिट्टामा नेपाल भित्रिनेलाई जाँच गर्दै सुरक्षाकर्मी



बाँके

नेपालगन्जको जमुनाहा नाकामा परिचयपत्र जाँच गर्दै सुरक्षाकर्मी

झापामा **चिरञ्जीवी घिमिरे**
वीरगन्जमा **तिवारी यादव**
बाँकेमा **विश्वराज पछल्डङ्ग्या**

बंगलादेशमा उत्पन्न राजनीतिक घटनाक्रमले बंगलादेशी नागरिक प्रवेश तथा सम्भावित घुसपैठको जोखिम बढेपछि नेपाल-भारत सीमानाकामा कडाइ गरिएको छ । पूर्वी काँकडभिट्टादेखि पश्चिम गड्डाचौकीसम्मका नाकामा कडाइ गरिएको हो ।

**■ बंगलादेशसँग नजिक रहेको काँकडभिट्टामा रात्रिकालीन गस्ती पनि**

**■ रक्सोल सीमानाकामा उच्च निगरानी, सादा पोसाकमा प्रहरी परिचालन**

नाकामा तैनाथ सुरक्षाकर्मीले आवतजावत गर्ने सबैको परिचयपत्र अनिवार्य हेर्ने गरेका छन् । नाकाको जोखिमअनुसार सादा पोसाकमा प्रहरी परिचालन गर्नेदेखि प्रहरीले रात्रिकालीन गस्ती गर्नेसम्मका गतिविधि पनि बढाएका छन् ।

गत सोमबार बसेको केन्द्रीय सुरक्षा समितिको बैठकले बंगलादेशको राजनीतिक उथलपुथलबाट नेपालमा सुरक्षा चुनौती बढ्न सक्ने भन्दै सीमानाकामा सुरक्षा सतर्कता बढाई चेकजाँचमा कडाइ गर्ने निर्णय गरेको थियो । सोहीअनुसार सशस्त्र प्रहरीले भारतसँगको नाकामा कडाइ गरेको छ । स्रोतका अनुसार जोगबनी नाकाबाट प्रवेश गर्न खोज्ने एक बंगलादेशीलाई बुधबार

» पृष्ठ २ मा क्रमशः



# टिआरसी विधेयक सर्वसम्मत पारित

## मंगलबार प्रतिनिधिसभाबाट पारित गर्ने तयारी

कमलराज भट्ट/नयाँ पत्रिका

बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्यनिरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयक संसदीय समितिबाट सर्वसम्मत पारित भएको छ। संसद्मा प्रतिनिधित्व गर्ने सम्पूर्ण दलको समर्थनमा विधेयक पारित भएसँगै संक्रमणकालीन न्याय टुंग्याउने कानुनी आधार प्राप्त भएको छ।

०६३ मा सम्पन्न शान्ति प्रक्रियाअन्तर्गत संक्रमणकालीन न्याय टुंग्याउन तत्कालीन सरकारले ०७१ मा ऐन जारी गरे पनि पीडितमैत्री नभएको भन्दै सर्वोच्च अदालतले संशोधन गर्न निर्देशनात्मक आदेश जारी गरेपछि संशोधनको प्रक्रिया सुरु भएको थियो। झन्डै एक दशकपछि दलहरू सर्वोच्चको आदेशअनुसार ऐन संशोधन गर्न सहमत भएर संशोधित विधेयक मिनी संसद्बाट पारित भएसँगै १८ वर्षपछि शान्ति प्रक्रियाको बाँकी कार्यभारको रूपमा रहेको संक्रमणकालीन न्याय टुंग्याउने कानुनी आधार प्राप्त भएको हो।

प्रतिनिधिसभाको कानुन, न्याय तथा मानव अधिकार समितिले बिहीबार संशोधनसहित सर्वसम्मत पारित गरेको विधेयकलाई दलहरूले २९ साउनमा बस्ने प्रतिनिधिसभाबाट पारित गर्ने तयारी गरेका छन्। २९ साउनको बैठकमा समितिको प्रतिवेदनसहित विधेयक पेस गर्न कानुन समितिका सभापति विमला सुवेदीले सभामुख देवराज घिमिरेलाई पत्र लेखेकी छिन्। सभामुख घिमिरेले आउँदो मंगलबार बस्ने बैठकमा समितिको प्रतिवेदनसहित विधेयक पेस गर्ने व्यवस्था मिलाउनेछन्।

राजनीतिक तहमा भएका यी सहमतिलाई समितिले ग्रहण गरेर विधेयकमा समावेश गरी पारित गरेको हो। विधेयक पारित भएसँगै शान्ति प्रक्रियाको अन्तिम अंशको रूपमा रहेको संक्रमणकालीन न्यायले पूर्ण कानुनी आधार पाएको समिति सभापति विमला सुवेदीले बताइन्। दुवै सभाबाट विधेयक पारित भएर ऐन बनेपछि कार्यान्वयनको चरणमा समितिले संक्रमणकालीन न्याय टुंग्याउन समन्वय, सहकार्य र निगरानी गर्ने उनले बताइन्।

कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अजय चौरसियाले पीडितमैत्री ऐन बनेको भन्दै यसले दिगो शान्तिको लागि बाटो दिने बताए। 'विधेयक पीडितमैत्री छ। पीडितलाई न्याय दिन्छ। स्वतन्त्र सहमति नभए सरकारका तर्फबाट वा पीडित आफैँ कानुनी उपचारमा जाने विकल्प र द्वन्द्वका सबै पक्षलाई परिपूरणको व्यवस्थाले त्यो सुनिश्चित गरेको छ,' मन्त्री चौरसियाले भने, 'यसले देशमा दिगो शान्तिको लागि बाटो दिन्छ। फेरि यस्तो द्वन्द्व नहोस् भन्ने स्पिरिट छ।'

समिति सभापति सुवेदीले पीडितलाई केन्द्रमा राखेर विधेयकलाई अन्तिम रूप दिएको बताउँदै यसक्रममा सहयोग गर्ने सबैलाई धन्यवाद दिइन्। ऐन बनेर आएपछि संक्रमणकालीन न्यायलाई पीडितको हितमा निष्कर्षमा पुऱ्याउने उनको भनाइ थियो।

समितिमा सांसदहरूले घटी सजायको विषयमा पीडितहरूले असन्तुष्टि जनाएको भन्दै स्पष्ट रूपमा बुझाउनुपर्ने धारणा राखेका थिए। ऐनमा भएका अस्पष्टता निश्चित गरी कार्यान्वयनमा समस्या नहुने हिसाबले व्यवस्थित गर्नुपर्ने सांसदहरूको सुझाव थियो। टिआरसी टुंगिएसँगै यसको नाममा हुने डलरे खेती अन्त्य हुने पनि उनीहरूको भनाइ थियो। 'कार्यान्वयन पक्ष फितलो नहोस्। कोही कसैप्रति पूर्वाग्रह रहेर होइन, द्वन्द्वरत पक्षप्रति संवेदनशील भएर जानुपर्छ,' कांग्रेस सांसद जीवन परियारले भने।

एमालेकी नैनकला थापाले द्वन्द्वमा ज्यान गुमाएका व्यक्तिको परिवारभित्र कसले परिपूरण पाउने भन्ने किटान गर्नुपर्ने सुझाव दिइन्। 'परिवार को हो, सम्बन्धित को हो, नजिक को हो ? हेर्नुपर्छ। होइन भने एनजिओले खेल्छ,' उनले भनिन्।

रास्वपाका सन्तोष परियार टिआरसीको न्यायसम्पादन स्वतन्त्र र निष्पक्ष हुनुपर्ने बताए। ऐन कार्यान्वयन हुँदा पनि कानुन समितिले निगरानी गर्न पाउने भन्दै शान्ति प्रक्रियाको अन्तिम चरण व्यवस्थित बनाउन समितिले ध्यान दिनुपर्ने बताए। रास्वपाकी सोबिता गौतमले पीडितलाई न्याय दिने गरी विधेयक आएको भन्दै कार्यान्वयनको पक्ष फितलो हुन नहुने बताइन्।

### शीर्ष नेताले सम्बोधन गर्ने तयारी

कानुन समितिबाट सर्वसम्मत पारित विधेयक प्रतिनिधिसभामा पेस भएलगत्तै शीर्ष नेताले सम्बोधन गर्ने तयारी छ। छलफलको प्रारम्भमा प्रधानमन्त्रीसहित प्रमुख दलका शीर्ष नेताले सम्बोधन गरेर शान्ति प्रक्रिया टुंग्याउने विषयमा अपिल गर्ने गरी गृहकार्य भैरहेको छ। समिति सदस्य महेश बर्तौलाले २९ साउनमै सम्बोधन गर्ने गरी शीर्ष नेतृत्वसँग परामर्श भइरहेको बताए। ऐन निर्माणमा भएको ढिलाइ र अहिलेको सहमतिमा साझा धारणा बनाउन सहयोग पुग्ने गरी विधेयकको छलफलका क्रममा शीर्ष नेताले देशवासीका नाममा सम्बोधन गर्ने गरी छलफल भइरहेको हो।


### ऋण चुक्ता/भुक्तान तथा धितो लिलाम बारेको ३५ दिने सूचना

प्रकाशित मिति : २०८१/०४/२५ गते, शुक्रबार

पञ्चशील बहुउद्देश्यीय सहकारी संस्था लि.को तपसीलमा उल्लेखित कर्जा सदस्यहरुले प्राप्त गरेको कर्जाको संस्थालाई तिर्ने/बुझाउने साँवा, ब्याज लगायत अन्य लेना रकम चुक्ता भुक्तानी गर्न यस संस्थाबाट पटक पटक लिखित एवं मौखिक जानकारी गराई ३५(पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत आलटाल गरि कर्जा चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाई वेवास्ता गरेकोले कर्जा सदस्यहरुलाई ऋणकर्जा चुक्ता भुक्तानी गर्न वा नतिरे नबुझाए धितो बन्धकी रहेको धितो लिलामीको लागी यो ३५(पैंतिस) दिने सार्वजनिक सूचना जारी गरिएको छ। उल्लेखित मिती भित्र कर्जा सदस्यले उपभोग गरेको कर्जाको सम्पूर्ण साँवा ब्याज तथा हर्जाना समेत संस्थामा दाखिला हुन नआएमा कर्जा उपभोग गर्ने कममा यस संस्थालाई लेखिदिएको तपशीलमा उल्लेखित विवरण रहेको सम्पत्ति लिलाम बिकी गरि तथा कर्जा लिदा संस्थालाई गरिदिएको लिखत तमशुक, सर्त, कबुलियतनामा तथा सहकारी ऐन २०७४ मा भएको व्यवस्था बमोजिम वा प्रचलित कानुन बमोजिम अन्य व्यवस्था गरि संस्थाको साँवा ब्याज हर्जना तथा असुली कारबाहीको सिलसिलामा भएका अन्य खर्चहरु समेत असुल उपर गरिने व्यहोरा सम्बन्धित पक्षलाई यसै सूचना मार्फत जानकारी गराईन्छ। सूचना प्रकाशित भएको मितीले ३५(पैंतिस) दिन भित्र कर्जा चुक्ता नगर्ने शेयर सदस्यहरुको संस्थामा धितो रहेको सम्पत्ति सकार गरिलिन ईच्छुक महानुभावहरुले सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, संस्थाको विनियम तथा प्रचलित कानून बमोजिम संस्थाको लेना रकम असूल उपर गर्न लिलाम बिक्रीमा राखेको तपसिलमा उल्लेखित अचल सम्पत्ति डाकबढाबढ, लिलाम बढाबढ गरी लिन इच्छुक ऋणी, व्यक्तिगत जमानी दिने तथा अन्य महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ औं दिन तोकिएको समयभित्र यस संस्थाको मूख्य कार्यालय ल.म.न.पा.-१९, कुमारीपाटीमा उपस्थित भई निम्न शर्तहरुको अधिनमा रही आफुले सकार गरि लिन चाहेको व्यहोरा खुलाई निवेदन गर्नुहुन सबैमा सूचित गरिन्छ। प्राप्त निवेदनका आधारमा संस्थाको कार्यालयमा ३६औं दिन वा सो दिन बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन अपरान्ह ४:०० बजे डाक बढाबढ कार्यक्रम रहने हुँदा निवेदन दाता, सम्बन्धित कर्जा सदस्य तथा धन जमानी दिने सम्पूर्ण सदस्यहरु समेत उपस्थितका लागि जानकारी गराईन्छ।

तपशिल

| क्र.सं. | कर्जा सदस्यको नाम ठेगाना | कर्जा सदस्य तथा जमानीको फोटो | धितोमा रहेको अचल सम्पत्तिको विवरण |
|---|---|---|---|
| १. | **कर्जा सदस्य:** क्षितिज उपाध्याय ढुङ्गेल<br>बाजे: लिला बल्लभ उपाध्याय<br>पिता: लक्ष्मण प्रसाद उपाध्याय<br>ठेगाना: काठमाडौं जिल्ला गोकर्णेश्वर न.पा. वडा नं. १५, जोरपाटी, काठमाडौं<br>**व्यक्तिगत जमानीकर्ता**<br>**जमानीकर्ता:** बानोदिता आचार्य<br>ठेगाना: काठमाडौं जिल्ला गोकर्णेश्वर न.पा. वडा नं. १५, जोरपाटी, काठमाडौं | <br> | श्री किरातेश्वर टि. गार्डेन प्रा. लि. को नाममा मालपोत कार्यालय धनकुटा, मा दर्ता श्रेष्ता कायम रहेको धनकुटा जिल्ला, साविक भिरगाउँ गा.वि.स./न.पा. वडा नं. १ को कि.नं. ३४८, क्षेत्रफल १४-११-०-० को जग्गा र धनकुटा जिल्ला, साविक निगाले गा.वि.स/न.पा. को वडा नं. ३ को कि.नं. १५९५ को क्षेत्रफल २८-०-०-० को जग्गा र सो जग्गाहरुमा बनेको घर तथा उक्त घर जग्गाले चर्चेको सम्पुर्ण लिगलिगापात समेत। |
| २. | **कर्जा सदस्य :- सन्तोष बर्तौला**<br>बाजे :- रमलाल बर्तौला<br>पिता :- केदारनाथ बर्तौला<br>ठेगाना: मकवानपुर जिल्ला, दामन गा.वि.स. वडा नं. २<br>हाल :- ल.म.न.पा.वडा नं.-२६, ढोलाहिटी ललितपुर।<br>**व्यक्तिगत जमानीकर्ता**<br>**जमानीकर्ता: केदार नाथ बर्तौला**<br>ठेगाना: मकवानपुर जिल्ला दामन गा.वि.स. वडा नं. २<br>**जमानीकर्ता: विन्दु देवी बर्तौला**<br>ठेगाना: मकवानपुर जिल्ला दामन गा.वि.स. वडा नं. २<br>**जमानीकर्ता: लक्ष्मी थपलिया**<br>ठेगाना: मकवानपुर जिल्ला दामन गा.वि.स. वडा नं. २<br>**जमानीकर्ता: कविता बर्तौला**<br>ठेगाना: मकवानपुर जिल्ला दामन गा.वि.स. वडा नं. २<br>**जमानीकर्ता: राजु बर्तौला**<br>ठेगाना: मकवानपुर जिल्ला दामन गा.वि.स. वडा नं. २ | <br><br><br><br> | श्री केदारनाथ बर्तौलाको नाममा मालपोत कार्यालय सिखरकोट मकवानपुरमा दर्ता श्रेष्ता कायम रहेको मकवानपुर जिल्ला साविक सिखरकोट गा.वि.स. वडा नं. १ सिट नं. १ को कि.नं. ३६७, ३६९ र ३६० को क्रमश क्षेत्रफल ६-७-२-३, १-५-२-० र ०-१४-०-३ रहेको जग्गा र सो जग्गाले चर्चेको अन्य लिगलिगापात समेत। |

**लिलामका शर्तहरु.**

१. लिलाममा अन्तिम पटक सबैभन्दा बढी बोलकबोल गर्ने व्यक्तिले आफुले बोलेको अंकको १० प्रतिशतले हुने रकम नगदै वा यस संस्थाको बैंक खातामा नगद जम्मा गरेको भौचर धरौटी वापत तुरुन्त यस संस्थामा बुझाउनु पर्नेछ।
२. लिलाम सकार गर्ने व्यक्तिले सहकारीबाट लिलाम निश्चितताको सूचना पाएको ७ दिन भित्र बाँकी रकम बुझाई अचल सम्पत्ति बुझि नलिएमा धरौटी बापत रहेको १० प्रतिशत रकम स्वत: जफत हुनेछ।
३. लिलाम सकार गर्ने व्यक्तिले सकार गरेको मूल्यको १० प्रतिशत रकम सोही दिन नबुझाएमा निज पछि सबै भन्दा बढी रकम प्रस्तावक व्यक्तिको नाममा लिलाम सदर गरिनेछ।
४. तोकिएको लिलामको दिन सहकारी बिदा परेमा वा सरकारी बिदा परेमा त्यसको लगत्तै सरकारी वा सहकारी कार्यालय खुल्ने दिन डाक बढाबढ हुनेछ।
५. डाक बढाबढ गर्दा सबै भन्दा बढी अंक पेश गर्ने व्यक्तिलाई अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार सहकारीमा सुरक्षित रहनेछ।
६. लिलाम बिक्री हुने धितो (घरजग्गा) को सम्बन्धित कागजातहरू हेर्न चाहनु हुने महानुभावहरूले यस सहकारीमा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नुहुनेछ।
७. यो सूचना प्रकाशित भएको ३६ औं दिन संस्थाको मुख्य कार्यालय ललितपुर म.न.पा. वडा नं. १९ कुमारीपाटीमा अपह्नन्न ४ बजे लिलामको डाक बढाबढ गरिनेछ।
८. लिलाम बिक्री गर्दा लागेको सम्पूर्ण खर्च ऋणी स्वयंले नै व्यहोर्नुपर्नेछ।
९. सहकारी ऐन २०७४, नियमावली २०७५ तथा यस संस्थाको ऋण लगानी तथा असुली सम्बन्धी विनियमावली अनुसार लिलाम बिक्री गर्नुपर्ने जायजेथा लिलाम बिक्री गर्दा कसैले नसकारेमा सहकारीले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ।
१०. संस्थामा सुरक्षण स्वरुप रहेको धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएमा ऋणी तथा जमानीको नाममा रहेको नेपाल राज्यभरको अन्य चल अचल सम्पत्तिबाट समेत असुल उपर गरिनेछ।

**नोट :- लिलाम हुने मिति २०८१/०५/२८ गते, शुक्रबार।**

PMCL

**पञ्चशील बहुउद्देश्यीय सहकारी संस्था लि.**
मूख्य कार्यालय: ल.पु.म.न.पा वडा नं.-१९, कुमारीपाटी
फोन नं.: ०१-५४०८५८५, ०१-५४०८५८६, ५४३२७१८
पञ्चशील सदस्य सेवा केन्द्रहरु
चापागाउँ, फोन नं. ०१-५२६५४७१
सरस्वतीनगर, काठमाडौं, फोन नं.: ०१-४८१३४४७
कोटेश्वर, काठमाडौं, फोन नं. ०१-४६१०६१७, ४६१०१०७
न्यूरोड, काठमाडौं, फोन नं. ०१-५३५५४०८
भक्तपुर, सूर्यविनायक, सेवा केन्द्र, फोन नं.: ०१-६६१५६४७


# रुसबाट अस्तु आयो, क्षतिपूर्ति आएन

नयाँ पत्रिका

युक्रेनसँगको युद्धमा मारिएका रुसी सेनामा कार्यरत नेपालीमध्ये पाँचजनाको अस्तु बुधबार काठमाडौं आइपुगेको छ। परिवारका सदस्यले बिहीबार पशुपति आर्यघाटमा अस्तु सेलाएका छन्। परिवारको समन्वय गरिरहेकी अभियन्ता कृतु भण्डारीका अनुसार परिवारजनले बिहीबार मृतकहरू कास्कीका देवान राई, स्याङ्जाका प्रीतम कार्की, हरिप्रसाद अर्याल र गणेश श्रेष्ठ तथा महोत्तरीका अनिलकुमार साहको अस्तु सेलाएका छन्। रुसी सेनामा कार्यरत मारिएका नेपालीहरूको अस्तु आएको पहिलोपटक हो।

परराष्ट्र मन्त्रालयअन्तर्गतको कन्सुलर सेवा विभागका महानिर्देशक प्रकाशमणि पौडेलले नेपाल सरकारको खर्चमा अस्तु आएको बताए। 'नेपाली राजदूतावासमा पटकपटक गरेर जम्मा गरिएको अस्तु नेपाल सरकारको खर्चमा कतार एयरवेजको उडानबाट बुधबार ल्याइएको हो,' पौडेलले नयाँ पत्रिकासँग भने, 'परिवारजनलाई हामीले हस्तान्तरण गरेपछि उहाँहरूले सेलाउनुभयो भन्ने बुझेका छौं।'

रुस-युक्रेन युद्धमा रुसी सेनाका तर्फबाट सहभागी भएकामध्ये हालसम्म ३६ जना नेपालीको मृत्यु भएको महानिर्देशक पौडेलले बताए। तर, अहिलेसम्म कम्तीमा ३९ जनाको मृत्यु भएको जानकारी पाएका परिवारजनले मृत्युसंस्कार पनि सम्पन्न गरिसकेका छन्।

रुसी सेनामा कार्यरत रहेका वेला युक्रेनसँगको युद्धका क्रममा मारिएका नेपालीको परिवारले अझै क्षतिपूर्ति पाएका छैनन्। परराष्ट्र मन्त्रालयमार्फत गत जेठमा सातजनाको क्षतिपूर्तिका लागि कागजपत्र पठाइएको, तर अहिलेसम्म रुस पक्षले क्षतिपूर्ति यकिन नगरेको एक कूटनीतिक अधिकारीले बताए।

कन्सुलर विभागका महानिर्देशक पौडेलले भने चाँडै क्षतिपूर्ति प्राप्त हुने सूचना आएको बताए। नेपालस्थित रुसी राजदूतावास र रुसस्थित नेपाली राजदूतावासबाट परराष्ट्र मन्त्रालयले क्षतिपूर्तिका लागि प्रयास जारी राखेको छ। रुसी सेनामा गत असोजदेखि नेपाली भर्ती भएका हुन्। रुसी सेनामा आबद्ध नेपालीको जीवनरक्षार्थ अभियानकी नेतृ कृतु भण्डारीका अनुसार हालसम्म ३९ जनाको मृत्यु पुष्टि भइसकेको र १८ जनाको मृत्यु पुष्टि हुन बाँकी छ।

## प्राधिकरणले...

पृष्ठ १ बाट क्रमशः

खरिद गरेको पेपरको आधारमा यस्तो अनुमान गरिएको हो। यसबाहेक ६ पानाको लिखित जवाफ पनि पेस गरेको छ। प्राधिकरणका अनुसार उक्त विवरण प्रिन्ट र फोटोकपी गर्न मात्रै पाँच दिन समय लागेको थियो।

देश चरम लोडसेडिङमा रहेका वेला प्राधिकरणले नियमित महसुलमा ६५ प्रतिशत प्रिमयम पनि लिने सर्तमा उद्योगहरूलाई डेडिकेटेड र ट्रंकलाइनमार्फत २४ घण्टासम्म विद्युत् आपूर्ति गरिदिएको थियो। नियमित शुल्क बुझाएका उद्योगहरूले प्रिमियम महसुल भने नतिर्दा अहिले विवादमा छ। संसद्को सार्वजनिक लेखा समितिले समेत यसअघि नै यो विषय टुंग्याउँदै महसुल बक्यौता असुल गर्न सरकारलाई निर्देशन दिएको थियो। तर, हाल लेखा समितिले फेरि अध्ययन थालेकोमा अघिल्लो शुक्रबार (१८ साउन) प्राधिकरणलाई टिओडी मिटरको तथ्यांक उपलब्ध गराउन निर्देशन दिएको थियो। निर्देशनको लिखित पत्र सोमबार प्राप्त गरेको प्राधिकरणले बिहीबार समितिमा विवरण पेस गरेको हो।

लेखा समितिका सचिव एकराम गिरीले प्राधिकरणबाट विभिन्न विवरण प्राप्त भएको बताए। 'प्राधिकरणले विभिन्न विवरण बुझाएको छ। त्यो धेरै नै छ। अब त्यसको अध्ययन अघि बढाउँछौँ,' उनले भने।

प्राधिकरणले बुझाएको विवरणमा 'लग सिट'मात्रै २४ पोका छ। यो मात्रै करिब ५० हजार पाना रहेको प्राधिकरणको दाबी छ। 'लग सिट' सबस्टेसनले उद्योगहरूमा विद्युत् आपूर्ति गरेको प्रमाण देखाउने दस्तावेज हो। उद्योगमा दैनिक कुन समयमा कति विद्युत् आपूर्ति भएको, कुन भोल्टेजमा विद्युत् आपूर्ति भएकोजस्ता सम्पूर्ण विवरण यसमा हुन्छ। 'लग सिट'मा घण्टाअनुसार नै विद्युत् आपूर्तिको विवरण हुन्छ। उच्च अदालत पाटनले ५ असोज ०७६ मा टिओडी मिटर वा अन्य प्राविधिक विश्लेषणबाट यकिन हुने दस्ताबेजलाई प्रमाणको रूपमा प्रयोग गर्न सकिने व्याख्या गरेको थियो। त्यही व्याख्याअनुसार महसुल विवादमा 'लग सिट'लाई महत्त्वपूर्ण प्रमाणको रूपमा हेरिएको छ। प्राधिकरणका उपकार्यकारी निर्देशक मनोज सिलवालका अनुसार ६१ उद्योगकै 'लग सिट' डाटा लेखा समितिमा बुझाइएको छ।

'हामीले बक्यौता उठाउने भनिएको अवधि अर्थात् ०७२ माघदेखि ०७५ वैशाखसम्मको अवधिको लग सिट डाटा पठाएका छौं। त्यसमा ६१ उद्योगकै पूर्ण विवरण छ,' उनले भने, 'यो विवरणले सबै उद्योगमा लोडसेडिङका वेला विद्युत् प्रयोग गरेको स्पष्ट देखिन्छ।'

त्यस्तै, प्राधिकरणले ६१ उद्योगकै टिओडी मिटरको डाउनलोड विवरण (स्ट्यान्ट ट्रयान्स) पनि बुझाएको छ, जुन एक पोका छ। विद्युत्का सम्बन्धमा प्राधिकरणले हालसम्म ०६९, ०७३, ०७७ र ०७८ मा चार विनियमावली कार्यान्वयनमा ल्याएको छ। डेडिकेटेड फिडर र ट्रंकलाइनको प्रिमियम महसुल (०७२ माघदेखि ०७५ वैशाखसम्मको उठाउने निर्णय)को हकमा ०६९ र ०७३ को विनियमावली लागू हुन्छ। ०७२ माघदेखि ०७३ असारसम्मको हकमा ०६९ को विनियमावली लागू हुन्छ भने ०७३ साउनदेखि ०७५ वैशाखसम्म ०७३ को विनियमावली लागू हुन्छ।

०७३ जेठसम्म कार्यान्वयनमा रहेको ०६९ को विनियमावलीमा टिओडी मिटरको तथ्यांक डाउनलोड गरेर राख्नुपर्ने व्यवस्था थिएन। असारदेखि कार्यान्वयन भएको ०७३ को विनियमावलीमा भने टिओडी मिटरको तथ्यांक डाउनलोड गर्नुपर्ने व्यवस्था गरियो। त्यसमा प्राधिकरणले हरेक वर्षको चैत महिनामा तथ्यांक डाउनलोड गरेर राख्नुपर्ने व्यवस्था छ। ०७३ को विनियमावलीको बुँदा १० मा भनिएको छ, 'टिओडी मिटर जडान भएका ग्राहकको हकमा हरेक वर्षको चैत महिनामा मिटर रिडिङको अतिरिक्त अनिवार्य रूपले डाटा डाउनलोड गरी सोको प्रतिवेदन सम्बन्धित क्षेत्रीय कार्यालय र उपनिर्देशकको कार्यलयमा पठाउनुपर्नेछ।'

यो नियमअनुसार प्राधिकरणले उद्योगको टिओडी मिटरबाट नियमित रूपमा 'स्ट्यान्ट ट्रयान्स' तथ्यांक डाउनलोड गरेर राख्नुपर्छ। जसमा मासिक कुन समयमा कुन उद्योगमा कति विद्युत् खपत भयो भन्ने तथ्यांक हुन्छ। रात, दिन र साँझमा खपत भएको विद्युत्को तथ्यांक मासिक रूपमा डाउनलोड गर्न सकिन्छ। उक्त तथ्यांक पनि लेखा समितिमा पेस गरिएको प्राधिकरणका उपकार्यकारी निर्देशक सिलवालले जानकारी दिए।

प्राधिकरणले केही उद्योगको टिओडी मिटरको 'लोड प्रोफाइल' तथ्यांक पनि लेखा समितिमा पेस गरेको छ। उद्योगीहरूले 'लोड प्रोफाइल' तथ्यांक दिए मात्रै बक्यौता तिर्ने भनेका थिए। यसमा विद्युत् खपतको विवरण दैनिक रूपमै हेर्न सकिन्छ। तर, यस्तो तथ्यांक डाउनलोड गरेर राख्नुपर्ने व्यवस्था ०७७ को विनियमावलीमा मात्रै गरिएको थियो। 'टिओडी मिटर जडान भएका उपभोक्ताहरूको हकमा हरेक वर्षको चैत महिनामा वार्षिक मिटर रिडिङ तथा लोड प्रोफाइलसहितको डाटा डाउनलोड प्रतिवेदन सम्बन्धित कार्यालयले तालुकको प्रादेशिक/डिभिजन कार्यालय र वितरण तथा ग्राहक सेवा निर्देशनालयमा पठाउनुपर्नेछ,' ०७७ को विनियमावलीको बुदाँ ५ को उपबुँदा ५ मा भनिएको छ, 'उल्लेखित कार्य गरे-गराएको नपाइएमा जिम्मेवार पदाधिकारीहरूलाई जवाफदेही बनाइनेछ।' ०७७ अघिका विनियमावलीमा भने लोड प्रोफाइल डाटा डाउनलोड गरेर राख्नुपर्ने व्यवस्था थिएन। तर, प्राधिकरणले आन्तरिक प्रयोजनका लागि समय-समयमा अधिकांश उद्योगको यस्तो तथ्यांक डाउनलोड गरेर राख्ने गरेको थियो। त्यसैअनुसारको उपलब्ध तथ्यांक समितिमा पेस गरेको छ। यस्तो विवरण तीन पोका रहेको प्राधिकरणले लेखा समितिलाई बुझाएको लिखित पत्रमा उल्लेख छ।

'०७७ अघि प्राधिकरणलाई लोड प्रोफाइल तथ्यांक डाउनलोड गरेर राख्न बाध्यकारी कानुनी अवस्था थिएन। यद्यपि, हामीले आन्तरिक प्रयोजनका लागि अधिकांश उद्योगको लोड प्रोफाइल डाटा पनि डाउनलोड गरेर राखेका थियौँ,' प्राधिकरणका उपकार्यकारी निर्देशक सिलवालले भने, 'अधिकांश उद्योगको यस्तो तथ्यांक छ। तर, सबै दिन र महिनाको नहुन सक्छ। हामीले आन्तरिक अध्ययनका लागि निश्चित अवधिको मात्रै तथ्यांक डाउनलोड गरेका थियौँ। त्यो पनि लेखा समितिमा बुझाएका छौं।' प्राधिकरणका अनुसार तारहरू छुटेको, विद्युत् चोरी भएको, राजस्व चुहावट भएको, कनेक्सन बिग्रिएकोलगायत विषयमा अध्ययन गर्न त्यस्तो तथ्यांक डाउनलोड गर्ने गरिएको थियो। टिओडी मिटरको तथ्यांक वार्षिक रूपमा रिप्लेस हुँदै जान्छ। समयमै तथ्यांक डाउनलोड नगरे नयाँ तथ्यांकले पुरानो तथ्यांक रिप्लेस गरिदिन्छ। अहिले प्राधिकरणले आफ्नै डेटा सेन्टर सञ्चालनमा ल्याएको छ। अब भने सबै तथ्यांक सधैँभरि स्टोर गर्न सकिन्छ। अब टिओडी मिटर पनि आवश्यक नहुने प्राधिकरणको दाबी छ।

प्राधिकरणले ०७२ माघदेखि ०७५ वैशाखसम्मको बक्यौता महसुलसम्बन्धी विवरण र बिलको प्रतिलिपि पनि लेखा समितिमा बुझाएको छ, जुन एक थान छ। उद्योगीले खपत गरेकै आधारमा प्रिमियम महसुल गणना गरेको सिलवालले बताए। 'उद्योगीहरूले उक्त अवधिमा जति युनिट विद्युत् खपत गर्नुभएको थियो, त्यसको नियमित महसुल त्यसवेला नै तिर्नुभएको थियो। प्रिमियम महसुल भने बाँकी थियो। पहिला उहाँहरूले जति युनिट खपत गरेर पैसा तिर्नुभएको थियो, अहिले त्यसमै हामीले प्रिमियम महसुल गणना गरेका हौँ,' उनले भने, 'उक्त अवधिको कुनै समयमा उहाँहरूले यदि एक लाख युनिट विद्युत् खपत गर्नुभएको थियो भने एक लाख युनिटको नियमित महसुल (प्रिमियमविनाको) तिर्नुभएको थियो। अब एक लाख युनिटको प्रिमियम महसुल मात्रै तिर्न भनेको हो। खपत गरेभन्दा बढी विद्युत्को प्रिमियम महसुल मागेका छैनौँ। सोहीअनुसार महसुल गणना गरेको विवरण लेखा समितिमा पेस गरेका छौं।'

प्राधिकरणले बक्यौता महसुल सम्बन्धमा विभिन्न अदालतले दिएको फैसलाको विवरण पनि समितिमा बुझाएको छ। यस्तो विवरण एक पोकामा रहेको प्राधिकरणले जनाएको छ। विभिन्न ९० फैसलाको फोटोकपी पेस गरिएको र ती सबै फैसला प्राधिकरणकै पक्षमा रहेको उपकार्यकारी निर्देशक सिलवालले बताए। त्यस्तै, ६१ उद्योगको सूची र एम पावर लेजर पनि पेस गरेको छ, जुन एक पोका छ।

प्राधिकरणले डेडिकेटेड फिडर र ट्रंकलाइन विद्युत् महसुलका सम्बन्धमा विगतका मन्त्रिपरिषद्का निर्णय, लेखा समितिकै पहिलो निर्देशन, अख्तियारको राय, महालेखाका प्रतिवेदन, विभिन्न अध्ययन समितिको प्रतिवेदन पनि लेखा समितिमा पेस गरेको छ। १९ साउन ०७७ मा केपी ओली नेतृत्वको तत्कालीन सरकारले ०७२ माघदेखि ०७५ वैशाखसम्मको बक्यौता उठाउन प्राधिकरणलाई निर्देशन दिएको थियो। त्यस्तै, महसुल विवादका सम्बन्धमा ०७६ फागुनमा तत्कालीन ऊर्जासचिव दिनेश घिमिरेको संयोजकत्वमा गठित समितिले पनि ०७२ माघदेखि ०७५ वैशाखसम्मको महसुल उठाउन सिफारिस गरेको थियो। अन्य अवधिको हकमा भने विद्युत् नियमन आयोगलाई निर्णय गर्न भनेको थियो। सोही प्रतिवेदन कार्यान्वयन गर्ने निर्णय ११ साउन ०७७ मा ओली सरकारले गरेको थियो।

गत २७ वैशाखमा पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकारले पनि सोही अवधिकै बक्यौता उठाउन निर्देशन दिएको थियो। अन्य अवधिको भने मिनाहा गरेको थियो। सोही निर्देशनअनुसार प्राधिकरणले बक्यौता उठाउने प्रक्रिया अघि बढाएको थियो। तर, ३० साउनमा बनेको ओली नेतृत्वको सरकारले यसमा उद्योगीको बचाउ गर्दै आएको छ।

त्यस्तै, लेखा समितिले पनि ०७७ चैतमै बक्यौता उठाउन निर्देशन दिएको थियो। यसका अलावा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले ३० साउन ०७७ मा लोडसेडिङ अन्त्य हुनुभन्दा अघिको समयको महसुल लिन उपयुक्त हुने राय दिएको थियो। महालेखापरीक्षकको कार्यालयले पनि पटक-पटक आफ्नो प्रतिवेदनमा बक्यौता उठाउनुपर्ने उल्लेख गर्दै आएको छ। यी सबै विवरण लेखा समितिमा बुझाएको प्राधिकरणले जनाएको छ।

### सञ्चालकद्वयलाई पदमुक्त गर्ने निर्णय कार्यान्वयन नगर्न अन्तरिम आदेश

डेडिकेटेड फिडर र ट्रंकलाइन विद्युत्को बक्यौता महसुल विवादमा सरकारले पदमुक्त गरेका विद्युत् प्राधिकरणका सञ्चालकद्वय कपिल आचार्य र भक्तबहादुर पुनलाई सर्वोच्चले पुनर्बहाली गरेको छ। दुई सञ्चालकलाई पदमुक्त गर्ने निर्णय तत्काल कार्यान्वयन नगर्न सर्वोच्चले बिहीबार ऊर्जा मन्त्रालयलगायतको नाममा अन्तरिम आदेश दिएको हो।

बक्यौता महसुल नतिरेका ६ उद्योगमा प्राधिकरणले लाइन काटेपछि प्रधानमन्त्री केपी ओलीको दबाबमा ऊर्जामन्त्री दीपक खड्काको नेतृत्वमा ८ साउनमा बसेको प्राधिकरण सञ्चालक समिति बैठकले तत्काल लाइन जोड्ने निर्णय गरेको थियो। तर, बक्यौता नउठाई लाइन जोड्नु गलत हुने भन्दै सञ्चालकद्वय आचार्य र पुनले निर्णयमा 'नोट अफ डिसेन्ट' जनाएका थिए। यही वहानामा मन्त्रालयले १५ साउनमा तीन दिनको म्याद राखेर उनीहरूलाई स्पष्टीकरण सोधेको थियो। उनीहरूले १८ साउनमा मन्त्रालयमा लिखित स्पष्टीकरण बुझाएका थिए। मन्त्रालयले स्पष्टीकरण चित्तबुझ्दो नआएको भन्दै १८ साउनकै मितिदेखि लागू हुने गरी गत आइतबार (२० साउन) पदमुक्त गरेको थियो। पदबाट हटाउने निर्णयविरुद्ध आचार्य र पुनले सर्वोच्चमा रिट दायर गरेका थिए।

### थप दुई उद्योगले पनि तिरे बक्यौता

ठूला उद्योगीले डेडिकेटेड फिडर र ट्रंकलाइन सेवाको प्रिमियम महसुल नतिर्न अनेक उपाय खोजिरहँदा साना उद्योगीले भने धमाधम तिर्न थालेका छन्। बुधबार दुई उद्योगीले बक्यौता तिरेकामा बिहीबार अरू दुई थपिएका छन्। बिहीबार यशोधा फुड्स र जय दुर्गा प्लास्टिक उद्योगले बक्यौता तिरेका प्राधिकरणका उपकार्यकारी निर्देशक मनोज सिलवालले बताए। बुधबार सोना पोलिमर्स इन्डस्ट्रिज र सोना प्याकेजिङले जरिवानासहितको सबै बक्यौता तिरेका थिए। यशोधा फुड्सको ०७२ माघदेखि ०७५ वैशाखसम्मको तीन लाख ४० हजार र जय दुर्गा प्लास्टिक उद्योगको ५६ हजार बक्यौता थियो। त्यसमा २५ प्रतिशतको दरले जरिवाना थप गरेर यशोधा फुड्सले चार लाख २५ हजार र जय दुर्गा प्लास्टिकले ७० हजार बुझाएका छन्। बुधबार बुझाएका सोना पोलिमर्स इन्डस्ट्रिजले तीन लाख ४६ हजार २५० रुपैयाँ र सोना प्याकेजिङले तीन लाख ५५ हजार रुपैयाँ बक्यौता तिरेका थिए।

## नाकामा...

पृष्ठ १ बाट क्रमशः

फिर्ता पठाइएको छ। भारततर्फ धेरै बंगलादेशी आइसकेकाले तीमध्ये केही नेपाल आउन सक्ने आकलनका आधारमा सीमाबाट आउनेहरूसँग सशस्त्र प्रहरीले परिचयपत्र अनिवार्य खोज्ने गरेको हो।

बंगलादेशसँग करिब ३८ किलोमिटरको दूरीमा रहेको नेपाल-भारत सीमानाकामा कडाइ गरिएको छ। बंगलादेशसँग नजिक रहेकाले झापामा कडाइ गरिएको झापाका प्रमुख जिल्ला अधिकारी बन्धुप्रसाद बाँस्तोलाले बताए। 'नेपाल प्रहरी र सशस्त्र प्रहरीले खुला सीमानामा दिउँसो र रात्रिकालीन गस्ती गरिरहेका छन्,' उनले भने, 'बंगलादेशी नागरिकको सम्भावित प्रवेशलाई रोक्न नाकामा कडाइ गरेका हौँ। सशस्त्र प्रहरीको एक नम्बर बाहिनीबाट थप मद्दतका लागि टोली पनि आएर नाकामा कडाइ गरेका छौं।'

प्रशासनले अध्यागमन कार्यालय काँकडभिट्टालाई पनि कडाइ गर्न निर्देशन दिइएको छ। 'बंगलादेशसँग हाम्रो सीधै सिमाना छैन। भारतसँगको सिमाना छ। भारतले पनि कडाइ गरेका कारण बंगलादेशी नागरिक आएका छैनन्,' प्रजिअ बाँस्तोलाले भने, 'भारतमा छिरे भने हामीलाई समस्या हुने हो। अहिले छिरेका छैनन्। भारतीय पक्षसँग पनि सहकार्य गरिरहेका छौं।'

अगस्त १ मा भारतले तेस्रो देशका नागरिकका लागि आवतजावत खुला गरेयता हालसम्म दुई बंगलादेशी नागरिक नेपाल प्रवेश गरेको अध्यागमन कार्यालय काँकडभिट्टाले जनाएको छ। तीमध्ये एक बंगलादेशी नागरिक स्वदेश फर्किएको कार्यालय प्रमुख मोहन पनेरूले जानकारी दिए। उनका अनुसार एकजना नेपालमै छन्। 'त्यसवेला हामीलाई कडाइ गर्न निर्देशन थिएन। भर्खर नाका खुलेकाले गलत सन्देश जाने हुनाले प्रवेश दियौँ,' उनले भने, 'अहिले कडाइ गर्ने निर्देशन छ। बंगलादेशी नागरिकले प्रवेशका लागि निवेदन दिए स्वीकार नगर्ने, नेपाल आएमा सुरक्षाकर्मी र प्रशासनलाई जानकारी गराएर स्वदेश फर्काउने निर्देशन छ। तर, हालसम्म बंगलादेशी नागरिक आएका छैनन्।'

मुख्य भन्सार नाका वीरगन्ज रक्सौल सिमानाकामा सुरक्षाकर्मीले उच्च निगरानी थालेका छन्। सशस्त्र प्रहरी बल सीमा सुरक्षा गुल्म वीरगन्ज भन्सारका डिएसपी सुरज रिजालका अनुसार बंगलादेशी नागरिक नेपाल-भारत सीमा वारपार गर्न सक्ने भएकाले आवतजावतमा कडाइ गरिएको हो। जिल्लाका अन्य खुला नाकामा पनि सशस्त्र प्रहरी परिचालन गरिएको उनले बताए। बंगलादेशको पछिल्लो राजनीतिक घटनाअघि रक्सौल नाकामा सशस्त्र प्रहरीले दैनिक ४० जनालाई खटाउँदै आएकामा हाल बढाएर ६० पुऱ्याएको छ। सम्भावित घुसपैठ रोक्न सादा पोसाकमा प्रहरी परिचालन गरिएको छ। इनर्वा प्रहरी चौकीका प्रमुख अजय रामका अनुसार सीमानाकामा सशस्त्र प्रहरीको सुरक्षा घेराभन्दा अगाडि सादा पोसाकमा प्रहरी परिचालन गरिएको छ।

भारतसँगका पश्चिमी नाकाहरू बाँकेको नेपालगन्ज, कैलालीको त्रिनगर र कञ्चनपुरको गड्डाचौकीमा पनि कडाइ गरिएको छ। भारतबाट आउने व्यक्तिको कागजपत्र हेरेर मात्र प्रवेश गर्न दिइएको इलाका प्रहरी कार्यालय जमुनाहका इन्चार्ज प्रहरी निरीक्षक उपेन्द्रबहादुर बुढाथोकीले बताए।

**खारेजी (लिक्वीडेशन) सम्बन्धमा हकदावी गर्न आउने बारेमा सुचना**

कम्पनी ऐन, २०६३ बमोजिम कम्पनी रजिष्ट्रार कार्यालयमा दर्ता रहेको दर्ता नं. ७४७३७ को **वोम कन्सल्टेन्सी प्रा. लि.**, का.म.न.पा.-२६, काठमाडौंलाई कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजीम खारेजी (लिक्वीडेशन) मा लैजाने मिति: २०८१/०४/१६ गतेको विशेष साधारण सभाले निर्णय गरेकाले यस कम्पनीले तिर्न व्यहोर्नु पर्ने ऋण, धन एवं कोही कसैको बाँकी बक्यौता लेनदेन आदि भएमा स-प्रमाण सहित हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय बुद्धनगरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**लिक्वीडेटर**
**नाम : कमल सिंह महरा**
**इजाजत पत्र नं. ५९८, फोन नं. ९८५११३०४४०**

# १० वर्षमा त्रिभुवन विमानस्थलबाट मात्रै भित्रियो सवा दुई अर्बको कोकिन

## बरामदमध्ये २८ प्रतिशत कोकिनको गन्तव्य दिल्ली, विगतमा नेपाल हुँदै हङकङ पनि पुऱ्याइन्थ्यो



■ **एसएसपी दिनेश आचार्य,** प्रमुख, लागुऔषध नियन्त्रण ब्युरो

कतार एयरवेजको जहाज हुँदै विदेशी नागरिक कोकिनसहित नेपाल आउँदै गरेको सूचना थियो। सोही सूचनापछि प्रहरी निगरानीमा थियो। नभन्दै एक लाटभियाली नागरिकको गतिविधि शंकास्पद देखियो। उनको सुटकेस खनतलासी गर्दा गुडिया भेटियो। उधिनेर हेर्दा त्यसभित्र ६.२४ केजी कोकिन फेला पऱ्यो।

**टेकराज थामी**/नयाँ पत्रिका

कतारको दोहा हुँदै नेपाल आएका लाटभियाली नागरिक ५१ वर्षीय इभरास भाल्टेस बुधबार ६.२४ केजी कोकिनसहित त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट पक्राउ परे। बालबालिकाले खेल्न प्रयोग गर्ने गुडियाभित्र लुकाएर कोकिन भित्र्याएको सूचना पाएपछि लागुऔषध नियन्त्रण ब्युरोले उनलाई पक्राउ गरेको हो।

त्रिभुवन विमानस्थलबाट कोकिन भित्रिएको यो नै पहिलो भने होइन। पछिल्लो डेढ महिनामा मात्रै ४४ करोड रुपैयाँबराबरको कोकिन त्रिभुवन विमानस्थलबाटै बरामद भएको छ। ब्युरो प्रमुख एसएसपी दिनेश आचार्यका अनुसार गत २ जेठदेखि बुधबारसम्म १३.०९१ केजी कोकिन बरामद भएको हो।

'कतार एयरवेजको जहाज हुँदै विदेशी नागरिक कोकिनसहित नेपाल आउँदै गरेको सूचना थियो। सोही सूचनापछि प्रहरी निगरानीमा थियो। नभन्दै एक लाटभियाली नागरिकको गतिविधि शंकास्पद देखियो। उनको सुटकेस खनतलासी गर्दा गुडिया भेटियो। उधिनेर हेर्दा त्यसभित्र ६.२४ केजी कोकिन फेला पऱ्यो,' एसएसपी आचार्यले भने।

लाटभिया उत्तरपूर्वी युरोपियन मुलुक हो। कोकिनसहित पक्राउ परेका इभरास तस्करी गर्ने उद्देश्यले नै लाटभियाबाट फ्रान्स हुँदै कतार पुगेका थिए। उनलाई कतारमा अफ्रिकी मूलका नागरिकले क्याप्सुलको आकार दिइएको कोकिन नेपाल लैजान भन्दै दिएका थिए। प्रहरीका अनुसार कतारमा भने उक्त कोकिन दक्षिण अमेरिकी मुलुकबाट निलेर ल्याइएको थियो। पक्राउ परेका इभरासको आर्थिक अवस्था नाजुक रहेको प्रारम्भिक अनुसन्धानमा खुलेको प्रहरीले जनाएको छ। उनको सोही अवस्थालाई लागुऔषध तस्करले प्रयोग गरेको अनुसन्धानबाट देखिने ब्युरो प्रमुख आचार्यले बताए।

उनले भने, 'कोकिनसहित पक्राउ परेका इभरासको आर्थिक अवस्था बलियो देखिँदैन। उनको यही अवस्थालाई तस्करले दुरुपयोग गरेको देखिन्छ। उनलाई कमिसन दिने प्रलोभनमा लाटभियाबाट फ्रान्स हुँदै कतार ल्याइएको देखिन्छ। नेपालपछि बरामद कोकिन भारत लैजाने योजना रहेको देखिन्छ।'

ब्युरोले गत २ जेठमा विमानस्थल हुँदै नेपाल भित्रिएका तान्जानियाली नागरिक डोनाल्ड ज्याक्सन मबुगालाई १.२०६ केजी कोकिनसहित ठमेलस्थित होटेलबाट पक्राउ गरेको थियो। त्यसपछि ३० जेठमा बोलिभियाली नागरिक ३३ वर्षीय लाउरा क्रुज टिकोनालाई २.१०० केजी कोकिनसहित भन्सार विमानस्थल कार्यालयबाट पक्राउ गरेको थियो।

त्यसको दुई दिनपछि १ असारमा विमानस्थलबाटै नेपाल भित्रिएका अर्का भेनेजुयाली नागरिक २९ वर्षीय सिमोन एन्टोनियो अल्फोन्जा राडा पनि १.१९८ केजी कोकिनसहित ठमेलबाट पक्राउ परेका थिए। ब्युरोका अनुसार करिब डेड महिनामा विमानस्थल हुँदै भित्रिएको मात्रै १३.०९१ केजी कोकिन बरामद भएको छ। जसको अवैध बजारमूल्य ४४ करोड २२ लाख ४० हजार १६२ रुपैयाँ पर्छ।

### ■ यसकारण नेपाल 'ट्रान्जिट' बनाएर दिल्लीमा सबैभन्दा धेरै तस्करी

लागुऔषध नियन्त्रणका लागि दिल्ली पुलिसमातहत एउटा शाखा छ, एन्टी नार्कोटिक्स टास्क फोर्स (एएनटिएफ)। जसले दिल्ली आधारभूमि बनाएर लागुऔषधसम्बन्धी अध्ययन गरेको थियो। अध्ययनबाट लागुऔषध कारोबार र दुर्व्यसनीको ६४ वटा 'हट स्पट' पहिचान भए। जसमध्ये चार 'स्पट' कोकिन कारोबारका लागि कुख्यात थिए। एएनटिएफको अध्ययनअनुसार दिल्लीमा कोकिनको चार 'हट स्पट' छत्तरपुर, मोहन गार्डेन, नवदा र उत्तमनगर हुन्। जुन दिल्लीको दक्षिण र पूर्वतर्फ पर्छ। उक्त क्षेत्रमा कोकिनका साथै 'सिन्थेटिक ड्रग'को पनि कारोबार हुने गर्छ। अध्ययनअनुसार उक्त क्षेत्रमा सबैभन्दा धेरै विदेशी नागरिक बस्छन्। उनीहरूमध्ये केही कोकिनको कारोबारी छन् भने केही दुर्व्यसनी। अवैध ढंगले बस्ने ती विदेशी नागरिकलाई भारत सरकारले पटक-पटक देश निकाला पनि गरेको छ। तर, कोकिनको कारोबार रोकिएको छैन।

एएनटिएफको अध्ययनअनुसार दिल्लीका यी सहरमा कोकिन कारोबार पछिल्ला दिन अझ मौलाएको थियो। तथ्यांकअनुसार सन् २०२१ मा दिल्लीमा एक केजी मात्रै कोकिन बरामद भएको थियो। सन् २०२२ मा यो परिमाण बढेर तीन किलो पुग्यो। सन् २०२३ को सुरुवाती चार महिनामै परिमाण बढेर १५ केजी पुग्यो। नेपाल प्रहरीका अनुसार नेपाल 'ट्रान्जिट' भएर दिल्ली पुग्ने कोकिन दिल्लीबाट युरोपसम्म पनि पुग्छ। दक्षिण अमेरिकी मुलुकबाट भने अफ्रिका हुँदै नेपाल आइपुग्छ। दिल्लीबाट जहाजमै युरोप पुऱ्याइने गरिएको प्रहरी बताउँछ।



### ■ १० वर्षमा कोकिन बरामदका २४ अपरेसन

लागुऔषध नियन्त्रण ब्युरोले पछिल्ला १० वर्षमा कोकिन बरामदका २४ अपरेसन गरेको छ। यी अपरेसनमा ६५.७३६ केजी कोकिन बरामद भएको छ। जसको अवैध बजारमूल्य दुई अर्ब २२ करोड ६ लाख ९३ हजार ५५२ रुपैयाँ पर्छ। यी अपरेसनमा २९ अभियुक्त पक्राउ परेका छन्। ब्युरोका अनुसार बरामदमध्ये १८.३१ केजी कोकिनको गन्तव्य दिल्ली थियो। यो कुल बरामद परिमाणको २७.८६९ प्रतिशत हो। जसको अवैध बजारमूल्य ६१ करोड ८८ लाख ८५ हजार ८४ रुपैयाँ पर्छ।

नेपाल 'ट्रान्जिट' बनाएर तस्कर हुने कोकिन दिल्ली मात्रै होइन, विगतमा हङकङ पनि पुऱ्याइन्थ्यो। २४ मध्ये सात अपरेसनमा बरामद १३.३६१ केजी कोकिनको गन्तव्य हङकङ थियो। यो कुल बरामद परिमाणको २०.३२६ प्रतिशत हो। जसको अवैध बजारमूल्य ४५ करोड १३ लाख ७८ हजार १७० रुपैयाँ पर्छ। तर, पछिल्ला चार वर्षयता भने नेपाल 'ट्रान्जिट' भएर कोकिन हङकङ पठाएको देखिएको छैन। बाँकी ३४.०५४ केजी भने नेपाल, थाइल्यान्ड, इटाली र पाकिस्तानका लागि तस्करी भएको अनुसन्धानमा खुलेको ब्युरोले जनाएको छ। यो कुल बरामदको ५१.८०५ प्रतिशत हो। जसको अवैध बजारमूल्य एक अर्ब १५ करोड ४ लाख ३० हजार २९४ रुपैयाँ पर्छ।

### ■ युएनओडिसीले गरेको वर्ष दिनको अपरेसनमा २४ खर्ब ६८ अर्बको ९८ टन कोकिन बरामद

कोकिनका दुर्व्यसनीले सहर आक्रान्त हुन थालेपछि संयुक्त राष्ट्रसंघअन्तर्गत युनाइटेड नेसन अन ड्रग एन्ड क्राइम (युएनओडिसी)ले ५८ मुलुकको संयुक्त प्रयासमा 'अपरेसन टिन क्यान' चलायो। ९ डिसेम्बर ०२२ देखि ०२३ अप्रिलसम्म चलेको अपरेसनमा ४३ अन्तर्राष्ट्रिय कारोबारी पक्राउ परे। सम्बन्धित मुलुकको भन्सार, प्रहरी तथा अन्य सरोकारवाला निकायको संयुक्त प्रयासमा भएको अपरेसनपछि कोकिनसँग सम्बन्धित १५८ घटना अनुसन्धान भए। जसबाट ९८ हजार ७३४ किलो कोकिन बरामद भयो। जसको अवैध बजारमूल्य २४ खर्ब ६८ अर्ब ३५ करोड रुपैयाँ हुन आउँछ। यो अपरेसनमा वर्ल्ड कस्टम अर्गनाइजेसन, युएनओडिसी र अस्ट्रेलियन बोर्डर फोर्सको प्रत्यक्ष सहभागिता थियो।

## संक्षेप

### सेनाको नेतृत्व सिग्देलले सम्हाल्ने

**काठमाडौं**/ प्रधानसेनापति प्रभुराम शर्माले शुक्रबारदेखि लागू हुने गरी कामु प्रधानसेनापति अशोकराज सिग्देललाई बिहीबार कार्यभार बुझाएका छन्। प्रधानसेनापति शर्मा २४ भदौदेखि अवकाश पाउनु एक महिनाअघि घरबिदामा बस्न लागेका छन्। सिग्देलले शुक्रबारदेखि कामु प्रधानसेनापतिको जिम्मेवारी सम्हाल्नेछन्। सैनिक ऐन, २०६३ को दफा ८ को उपदफा (३) अनुसार मन्त्रिपरिषद्को १४ साउनको निर्णयअनुसार राष्ट्रपति रामचन्द्र पौडेलले २५ साउनबाट सिग्देललाई कामु प्रधानसेनापतिको जिम्मेवारी सम्हाल्ने अख्तियारी दिएका छन्। सोहीअनुसार शर्माले प्रधानसेनापतिको कार्यभार बुझबुझारथ गरेको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ। नेपाली सेनाको सहायक सेनानी दर्जामा प्रवेश गरी करिब ४१ वर्षसम्म सेवा गरेर प्रधानसेनापति शर्मा पदावधिको हदले अनिवार्य अवकाशमा जान लागेका छन्। अवकाशको एक महिनाअघि नै बिदामा बस्ने नेपाली सेनाको प्रचलित परम्परा छ।

### सर्पको टोकाइबाट दुई बालिकाको मृत्यु

**बर्दिया**/ सर्पको टोकाइबाट बर्दियाको गुलरियामा दुई बालिकाको मृत्यु भएको छ। सर्पदंशबाट गुलरिया नगरपालिका- १ की नौ वर्षीया मायरा चौधरी र ११ वर्षीया सोनिमा चौधरीको मृत्यु भएको प्रहरीले जनाएको छ। घरमै सुतिरहेको अवस्थामा एक्कासि बिरामी भई बर्दिया अस्पताल लगिएको र अस्पतालमा पुऱ्याएपछि सर्पले टोकेर मृत्यु भएको तथ्य खुलेको जिल्ला प्रहरी कार्यालय बर्दियाका प्रहरी नायब उपरीक्षक तुल्सीराम अर्यालले जानकारी दिए। बर्दिया अस्पतालका मेडिकल अधिकृत सञ्जय महतोले सर्पले टोकेर दुई बालिकाको बाटोमै मृत्यु भएको अवस्थामा अस्पताल ल्याइपुऱ्याएको बताए।

### अनुचित लेनदेनको आरोपमा सातजना पक्राउ

**दाङ**/ अनुचित लेनदेन गरेको आरोपमा प्रहरीले सातजनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा दाङ तुलसीपुरकी माधवा बस्नेत, उनका श्रीमान् धर्मबहादुर बस्नेत, घोराहीकी यामाकुमारी बस्नेत, तिलकबहादुर महरा क्षेत्री, पार्वता केसी, ममताकुमारी केसी र ऋषा बोहरा रहेको जिल्ला प्रहरी कार्यालय दाङका प्रहरी नायब उपरीक्षक रामप्रसाद तिमल्सिनाले बताए।

माधवाले विभिन्न व्यक्तिलाई ऋण लगानी गर्ने र चर्को ब्याज असुल्ने गरेको पाइएको छ। उनले ऋण लिने मानिसहरूबाट खाली चेकमा दस्तखत गराई चेक लिने गरेको पाइएको छ। ऋण लिएभन्दा बढी रकम राखी तमसुक बनाई ऋण दिँदै आएको र ऋणीहरूसँग साँवाब्याजबापत रकम असुल गरिसकेपछि उनीहरूले गरेको तमसुक तथा दिएको चेक माग गर्दा बस्नेतले हराएको तथा अन्य बहाना बनाई केही चेकमा आफ्नै नाम राखी बाउन्स गराएकोसमेत पाइएको प्रहरीले जनाएको छ।

### खैरो हेरोइनसहित दुई समातिए

**सल्यान**/ लागुऔषध खैरो हेरोइनसहित प्रहरीले दुईजनालाई पक्राउ गरेको छ। शारदा नगरपालिका- ८ सिमखर्कस्थित खलंगा सल्लीबजार सडकखण्डबाट दुईजनालाई खैरो हेरोइनसहित पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सल्यानले जनाएको छ। पक्राउ पर्नेमा सल्यान शारदा नगरपालिका- २ का विनय बुढाथोकी र सुरज विश्वकर्मा रहेको जिल्ला प्रहरी कार्यालय सल्यानका सूचना अधिकारी प्रहरी निरीक्षक रेशमबहादुर खत्रीले जानकारी दिए। विश्वकर्माले लगाएको ज्याकेटमा मेगाश्रीको खोलभित्र लुकाइराखेको अवस्थामा खानतलासी गर्ने क्रममा १५० मिलिग्राम खैरो हेरोइन फेला परेको उनले बताए। लागुऔषधको ओसारपसार, बिक्री वितरण तथा सेवन गरिरहेको गोप्य सूचनाका आधारमा खानतलास गर्ने क्रममा लागुऔषध फेला परेको उनको भनाइ छ। दुईजनालाई सल्यान जिल्ला अदालतबाट चार दिनको म्याद थप गरी हिरासतमा राखी अनुसन्धान गरिरहेको प्रहरीको भनाइ छ।

## ■ सरकारी अस्पतालमा डेंगुको निःशुल्क उपचार

**काठमाडौं**/ डेंगु संक्रमणको जोखिम बढेपछि सरकारी अस्पतालहरूमा निःशुल्क उपचार सुरु गरिएको छ। देशभरका संघीय, महाशाखा, केन्द्र स्वास्थ्य प्रतिष्ठान तथा मेडिकल कलेजहरूले डेंगुका बिरामीहरूको निःशुल्क उपचार थालेका हुन्। अघिल्लो वर्षको तुलनामा संक्रमण कम देखिए पनि देशभरि नै संक्रमण रहेकाले उपचारमा सहजताका लागि निःशुल्क उपचार सेवा सुरु गरिएको स्वास्थ्य मन्त्रालयले जनाएको छ। मन्त्रालयका अनुसार अस्पताल, प्रतिष्ठान र मेडिकल कलेजहरूसँग छलफल गरेर बिहीबारदेखि निःशुल्क सेवा सुरु गरिएको हो।

मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले डेंगु संक्रमण प्रत्येक वर्ष देखिन थाले पनि आममानिसले नियन्त्रणमा बेवास्ता गर्ने प्रवृत्तिका कारण जोखिम कायमै रहेकाले उपचार सेवा निःशुल्क गरिएको बताए। योसँगै मन्त्रालयले सबै सरकारी कार्यालयलाई 'लामखुट्टे खोज र नष्ट गर' भन्ने अभियानसमेत सुरु गर्न निर्देशन दिएको जानकारी दिए। 'संक्रमण बढेपछि हरेक शुक्रबार सरकारी तथा गैरसरकारी कार्यालय र अस्पताल परिसरमा सरसफाइ गर्नुका साथै 'लामखुट्टे खोज र नष्ट गर' अभियान सञ्चालन गर्न निर्देशन दिइएको छ,' उनले भने। अस्पतालहरूलाई सतर्कता र सचेतनाका कार्यक्रम सञ्चालन गर्ने, डेंगु डेस्क स्थापना गरी फोकल पर्सन तोक्ने र बिरामीको उपचार व्यवस्थापन गर्नेसमेत भनिएको छ। गत वर्षको तुलनामा यस वर्ष डेंगु संक्रमणदर निकै न्यून छ। तर, संक्रमणका कारण मृत्यु भएको र नियमित संक्रमण देखिइरहेकाले नियन्त्रणका लागि सबै उपाय अपनाइएको बुढाथोकीले बताए। हालसम्म ७३ वटा जिल्लामा दुई हजार ३६५ डेंगु संक्रमित पुष्टि भएका छन्। मंगलबार मात्रै तनहुँमा ५० वर्षीय पुरुषको डेंगु संक्रमणबाट मृत्यु भएको थियो।

## निजी क्षेत्रदेखि नीतिगत भ्रष्टाचारसम्मको छानबिनबारे सांसदहरूको चासो

**काठमाडौं**/ सांसदहरूले निजी क्षेत्रदेखि नीतिगत तहबाटै हुने भ्रष्टाचार रोक्ने विषयमा बहस गरेका छन्। प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिमा भ्रष्टाचार निवारण ऐन, २०५९ लाई संशोधन गर्न बनेको विधेयकका सम्बन्धमा जारी छलफलमा सांसद्हरूले मन्त्रिपरिषद्बाट हुने नीतिगतदेखि निजी क्षेत्रमा हुने गरेका भ्रष्टाचार नियन्त्रणका सम्बन्धमा छलफल गरेका हुन्।



■ **गगन थापा**
महामन्त्री, कांग्रेस

नेपालमा कार्यकारी अधिकारको दुरुपयोग गरेर नीतिगतको आवरणमा मिलेमतोमा ठूला भ्रष्टाचार भएका छन्। यसर्थ, नीतिगतको व्यवस्थालाई स्पष्ट गर्नुपर्छ।

१५ महिनाअघि प्रतिनिधिसभाबाट आएको विधेयकमाथि समितिले गत मंगलबारदेखि छलफल थालेको हो। पहिलो दिन समितिले प्रधानमन्त्री केपी ओलीलाई डाकेर छलफल गरेको थियो। बिहीबारको बैठकमा कांग्रेस महामन्त्री गगन थापाले ठूला भ्रष्टाचारमा राजनीतिक मिलेमतो हुने गरेको औँल्याउँदै त्यसलाई रोक्नुपर्ने बताए। नीतिगत आवरणमा मिलेमतोमा भएको भ्रष्टाचारलाई रोक्नुपर्ने भन्दै उनले नीतिगत भ्रष्टाचारको परिभाषालाई स्पष्ट गर्नुपर्ने माग गरे। 'नेपालमा कार्यकारी अधिकारको दुरुपयोग गरेर नीतिगतको आवरणमा मिलेमतोमा ठूला भ्रष्टाचार भएका छन्,' उनले भने, 'यसर्थ, नीतिगतको व्यवस्थालाई स्पष्ट गर्नुपर्छ।'

अनुचित कार्यलाई परिभाषित गरेर त्यसको जिम्मा राष्ट्रिय सतर्कता केन्द्रलाई दिनु उपयुक्त हुने थापाको भनाइ थियो। तर, यसका लागि केन्द्रलाई सशक्त बनाउनुपर्ने उनले बताए।

एमाले सांसद रघुजी पन्तले ठूला भ्रष्टाचार निजी क्षेत्रको संलग्नताविना नहुने देखिएकाले प्रमाणले देखिएको खण्डमा निजी क्षेत्रलाई पनि छाड्न नहुने बताए। 'ठूला बिचौलिया र कमिसन काण्ड निजी क्षेत्रकै संलग्नतामा भएका छन्,' उनले भने, 'प्रमाणले देखिन्छ भने निजी क्षेत्रलाई पनि छाड्नु उपयुक्त हुँदैन।'

कांग्रेस सांसद सञ्जयकुमार गौतमले अख्तियारलाई निजी क्षेत्रमा हात हाल्न दिनु गलत हुने बताए। अख्तियारलाई प्रवेश दिँदा निजी क्षेत्र निरुत्साहित हुने उनले बताए। निजी क्षेत्रलाई गिजोल्न नहुनेमा उनले जोड दिए। 'कसैलाई पनि असीमित अधिकार दिनुहुँदैन,' उनले भने, 'कानुन धेरै कडा बनाउँदा पनि कार्यान्वयनमा असहजता आउन सक्छ।' राप्रपा सांसद रोशन कार्कीले भ्रष्टाचारको मुहान राजनीति देखिएको बताइन्। कैदको सजाय कम भएको र भ्रष्टाचारमा हदम्याद हुन नहुनेमा उनको जोड थियो। एकीकृत समाजवादीका सांसद राजेन्द्र पाण्डेले अनुचित कार्यका नाममा विगतमा यसको दुरुपयोग भएको दृष्टान्त दिँदै त्यसको अधिकार स्पष्ट कानुनी प्रबन्ध गरेर कुनै निकायलाई दिनुपर्ने बताए।

बिहीबारको बैठकमा सांसदहरूले अख्तियारको क्षेत्राधिकारको विस्तार, उजुरीकर्ताको गोपनीयता, भ्रष्टाचारमा हदम्याद, स्वार्थको द्वन्द्व, जिम्मेवारी र अधिकार प्राप्त अधिकारीले निर्णय नगर्दा हुने क्षति, अनुचित कार्य, नीतिगत र प्रशासनिक निर्णयको वर्गीकरण, सजायको निर्धारणलगायतका विषय उठान गरेका थिए।

## तीनै तहका जनप्रतिनिधिका लागि २९ बुँदे निर्देशिका ल्याउँदै कांग्रेस

### सम्पत्ति विवरण सार्वजनिक, कार्ययोजना र प्रगति विवरण अनिवार्य



**केशवप्रसाद पाण्डे**/नयाँ पत्रिका

कांग्रेसले पार्टीबाट निर्वाचित तीनै तहका जनप्रतिनिधिको कार्यसम्पादन प्रभावकारी बनाउन निर्देशिका ल्याउने भएको छ। २९ बुँदे निर्देशिकामा जनप्रतिनिधिले अनिवार्य रूपमा सम्पत्ति विवरण सार्वजनिक गर्नुपर्नेसहितको व्यवस्था गरिने भएको छ। बुधबारबाट जारी केन्द्रीय समिति बैठकमा 'जनप्रतिनिधि कार्यसम्पादन निर्देशिका'माथि छलफल भइरहेको छ।

'जनप्रतिनिधिहरूको कार्यसम्पादन प्रतिस्पर्धी, पारदर्शी, परिपक्व र सबल हुन जरुरी छ। सम्बन्धित तहको सफलतालाई यसले एकातर्फ सुनिश्चित गर्नेछ भने अर्कोतर्फ लोकतान्त्रिक पद्धतिप्रति नागरिक विश्वास गाँस्न मद्दत पुऱ्याउनेछ,' निर्देशिकामा भनिएको छ। निर्देशिकाको १७ नम्बर बुँदामा 'सम्पत्ति विवरण सार्वजनिक गर्नुपर्ने कानुनी व्यवस्था पालना गर्दै अनिवार्य, नियमित र निर्धारित समयमै विवरण सार्वजनिक गर्नेछन्' उल्लेख छ।

निर्देशिकामा जनप्रतिनिधिले शपथको एक महिनाभित्र कार्ययोजना प्रस्तुत गर्नुपर्ने, कम्तीमा प्रत्येक दुई महिनामा मतदातासामु पुग्नुपर्ने, आफूआबद्ध तहको पार्टी कार्यालयमा महिनामा एकपटक अनिवार्य पुग्ने, आफू निर्वाचित रहेको तहमा परिवारका सदस्यलाई नियुक्ति नगर्ने, घोषणापत्रको कार्यान्वयनलगायत विषयलाई प्राथमिकतामा राखिएको छ। प्रत्येक दुई महिनामा अनिवार्य कार्यसम्पादन विवरण पठाउनुपर्ने प्रावधान पनि निर्देशिकामा राखिएको छ।

फरक विचार राख्ने मतदाता र अन्य पार्टीका व्यक्तिलाई फरक व्यवहार गर्न नपाइने, सूचनाको हकको पालना गर्ने, मिडियामैत्री व्यवहार, भ्रष्टाचार नियन्त्रण केन्द्रित हुनुपर्ने उल्लेख छ। साथै, भेटघाट, सार्वजनिक कार्यक्रमदेखि परिवार व्यवस्थापन र व्यक्तिगत स्वास्थ्यसम्म सतर्कता व्यवस्था गर्नसमेत निर्देशिकामार्फत निर्देशित गर्न लागिएको छ। कार्यसम्पादनका क्रममा पारिवारिक समयको विषयसमेत राखिएको छ। तर, आफ्नो परिवारलाई दिने समय र निर्वाह गर्नुपर्ने कर्तव्यमा कुनै सम्झौता गर्न नपाइने भएको छ। निर्देशिकामा जनप्रतिनिधिबीच 'समन्वय संयन्त्र' बनाएर प्रचार गर्ने प्रस्ताव छ।

### ■ केन्द्रको हस्तक्षेप नरोकिएको प्रदेश सभापतिहरूको गुनासो

कांग्रेस प्रदेश सभापतिहरूले केन्द्रको हस्तक्षेप नरोकिएको भन्दै गुनासो गरेका छन्। केन्द्रीय समिति बैठकमा आमन्त्रित सदस्यका रूपमा सहभागी प्रदेश सभापतिहरूले केन्द्रले प्रदेश संरचनालाई बेवास्ता गरेको गुनासो दोहोऱ्याएका थिए। प्रवक्ता डा. प्रकाशशरण महतका अनुसार यसअघिझैं प्रदेश सभापतिहरूले प्रदेश संरचना र अधिकारका विषयमा धारणा राखेका थिए। 'बैठकमा प्रस्तुत ११ एजेन्डामाथि छलफल भइरहेको छ। बिहीबार आमन्त्रित केन्द्रीय सदस्यका रूपमा सहभागी रहेका प्रदेश सभापतिज्यूहरूले प्रदेश संरचना र अधिकारको विषयमा धारणा राख्नुभयो। केन्द्रीय सदस्यहरूको पनि धारणा राख्ने क्रम जारी छ,' उनले भने, 'प्रदेश सभापतिहरूको गुनासो स्वाभाविक हो। तर, केन्द्रबाट त्यस्तो हस्तक्षेप भएको छैन।' बिहीबार बोल्ने अधिकांश केन्द्रीय सदस्यहरूले निर्वाचन प्रणाली सुधार, गठबन्धनलगायत विषयमा धारणा राखेका थिए। कांग्रेस केन्द्रीय समिति बैठक २८ साउन सक्ने तयारी रहेका प्रवक्ता महतले बताए।

केन्द्रीय सदस्य डिला संग्रौलाले सरकारलाई प्रभावकारी बनाउन संयन्त्र आवश्यक रहेको बताइन्। राजेन्द्रकुमार केसीले प्रदेश समितिलाई थप अधिकार दिनुपर्ने धारणा राखे। देवेन्द्रराज कँडेलले वैदिक सनातन धर्मसापेक्ष देश बनाउन संविधान संशोधनको नेतृत्व कांग्रेसले गर्नुपर्ने विचार राखे। राजीव कोइरालाले कांग्रेस-एमाले गठबन्धनको औचित्य सरकारको कामबाट प्रमाणित गर्नुपर्ने बताए। केन्द्रीय सदस्य गोविन्द भट्टराईले कुन-कुन विषयमा संविधान संशोधन गर्ने भन्नबारे कांग्रेसले नै जनतालाई सुसूचित गर्नुपर्ने धारणा राखे। बिहीबारको बैठकमा प्रमुख सचेतक श्याम घिमिरेले संसद्का गतिविधिबारे बैठकलाई जानकारी गराएका थिए। मुख्यसचिव कृष्णप्रसाद पौडेलका अनुसार १६ केन्द्रीय सदस्य, आमन्त्रित केन्द्रीय सदस्य नारायणी रायमाझी र सातै प्रदेशका सभापतिहरूले धारणा राखेका थिए।

कांग्रेस केन्द्रीय सदस्य मोहनबहादुर बस्नेतले भने भुटानी शरणार्थी र गिरीबन्धु टी स्टेटको सम्बन्धमा महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले सार्वजनिक रूपमा अभिव्यक्ति दिएको विषयले गठबन्धनमा समस्या आउन सक्ने भन्दै आलोचना गरे। यी काण्डलाई निष्कर्षमा नपुऱ्याउने हो भने गठबन्धनको औचित्य छैन भनेर महामन्त्री थापाले कोरिया र महामन्त्री शर्माले संसद्मा बोलेको भन्दै अभिव्यक्ति नियन्त्रण गर्नुपर्ने बताएका थिए। उनले महामन्त्रीद्वय थापा र शर्मा सभापति शेरबहादुर देउवालाई प्रधानमन्त्री बन्नबाट रोक्ने प्रयासमा लागेको आरोप पनि लगाए।

### ■ बागमतीमा लम्पी स्किनविरुद्ध गाईभैंसीलाई खोप अभियान

## पाँच प्रतिशत पशुलाई पनि पुग्दैन खोप

भरतपुरमा **विवेक पोखेल**

बागमती प्रदेश सरकारले शुक्रबारबाट गाईभैंसीमा लाग्ने लम्पी स्किन रोग नियन्त्रणका लागि सप्ताहव्यापी खोप अभियान गर्दै छ। कृषि तथा पशुपन्छी विकास मन्त्रालय बागमती प्रदेश, हेटौंडाले प्रदेशका १३ जिल्लामा अभियानका लागि खोप पठाएको जनाएको छ। तर, खोप भने पाँच प्रतिशत पशुलाई पनि पुग्ने देखिँदैन।

बागमतीको कृषि मन्त्रालयको तथ्यांकअनुसार आर्थिक वर्ष ०७९/८० मा प्रदेशमा १० लाख ११ हजार १३६ गाई र आठ लाख ३२ हजार १९३ भैंसीको संख्या छ। कृषि मन्त्रालयका सचिव विनोदकुमार भट्टराईका अनुसार अभियानका क्रममा मन्त्रालयले ७६ हजार २७५ डोज खोप जिल्लामा पठाएको छ। यो भनेको जम्मा पशुमा ४.१४ प्रतिशत हुन्छ।

निर्देशनालयबाट आठ हजार तीन सय, विभागबाट पाँच हजार र पशुसेवा कार्यालयबाट ६२ हजार ९७५ डोज खोप जिल्लाअनुसार वितरण गरिएको छ। ३८१ भ्याक्सिनेटर परिचालन गरिएको छ। भट्टराईले खोप सबै पशुलाई नपुगे पनि अवस्था र आवश्यकता हेरेर जोखिम भएको ठाउँलाई प्राथमिकता दिइने बताए। उनका अनुसार अभियानले रोगबारे जानकारी र सचेतनासमेत प्रदान हुनेछ। अभियानका क्रममा स्थानीय सरकारले समेत स्वयं खोपको व्यवस्था गर्ने गरेको उनले सुनाए। उनका अनुसार यो अभियान खोप लगाउने मात्र नभई सचेतना जगाउने र सचेत हुने अभियान पनि हो।

गत वर्ष पनि बागमती प्रदेशले लम्पी स्किन डिजिजको प्रकोप १३ वटै जिल्लामा देखिएकाले खोप अभियान सञ्चालन गरेको थियो। बागमती प्रदेशमा लम्पी स्किन डिजिजका कारण दुई लाख ५६ हजार ७५९ पशु प्रभावित भएका थिए। त्यसमध्ये ११ हजार २१८ पशु मरेका थिए। तर, खोप भने दुई लाख ४५ हजार २२२ पशुलाई मात्र लगाइएको थियो। लम्पी स्किनका कारण बागमतीमा १०.२७ प्रतिशत पशु बिरामी हुने दर थियो। मृत्यु हुने दर ३.१ प्रतिशत देखिन्थ्यो।

ठोस उपचार नभएकाले लम्पी स्किन डिजिजका कारण गाईभैंसीको दूध उत्पादन ८० प्रतिशतसम्म कमी आउने हुन्छ। यो रोग नियन्त्रणको उत्तम उपाय समयमै खोप लगाउनु हो। नेपालमा ०७७ असारमा पहिलोपटक लम्पी स्किन देखिएको थियो। हाल ७५ जिल्लामा यो रोग देखापरिसकेको छ। नेपालमा यस रोगले गर्दा ३० अर्बसम्मको आर्थिक क्षति भएको अनुमानित तथ्यांक छ। खोप लगाउँदा तीनदेखि ६ महिना उमेरमाथिका सबैलाई लगाउनुपर्छ। एक-एक वर्षको फरकमा खोप नियमित लगाउनुपर्छ।

### ■ लम्पी स्किन हुँदा पशुमा के हुन्छ ?

पशुमा उच्च ज्वरो (१०४) फरेनहाइट वा माथि आउने, शरीरका विभिन्न ठाउँमा विशेष गरी घाँटी, पछाडिको भाग, पेट र चुनवरिपरि गिर्खाहरू (१० देखि ५० मिलिमिटरसम्मका) देखिने, कचेरा निकाल्ने, सिँगान बग्ने तथा फिँज धेरै निकाल्ने, लिम्फ नोडहरू सुन्निने, दुधालु गाईभैंसीमा दूध उत्पादन ८० प्रतिशतसम्म घट्ने, जोर्नी र खुट्टाहरू सुन्निने र हिँड्न गाह्रो हुने, थुनेलो देखिन सक्ने, गर्भ तुहिने र पछि बाँझोपना देखिन सक्ने हुन्छ।

### ■ कालिका नगरपालिकाले अभियानअघि नै लगायो खोप

चितवनको कालिका नगरपालिकाले अभियानअघि नै यहाँका पशुलाई लम्पी स्किनविरुद्धको निःशुल्क खोप लगाइसकेको छ। गत आर्थिक वर्षमा यो नगरपालिकामा लम्पी स्किनले महामारी लिएको थियो। पशु सेवा शाखाका अधिकृत ईश्वरीप्रसाद पौडेलका अनुसार गोठगोठ पुगेर पालिकाका ११ वटा वडामा एकैसाथ लम्पी स्किनविरुद्धको खोप लगाइएको छ। अभियानका लागि पशु सेवा कार्यालय चितवनबाट प्राविधिकसहित परिमाणमा खोप प्राप्त भएको थियो भने बाँकी खोप र प्राविधिक नगरपालिकामार्फत व्यववस्थापन गरिएको थियो।

# भूराजनीति र सत्तास्वार्थको चपेटामा बंगलादेश

## बंगलादेश र श्रीलंकाका घटनाले अब दक्षिण एसियाको राजनीतिमा जनशक्ति नै प्रबल र निर्णायक बन्न पुगेको देखाएका छन्



● डा. पूर्ण सिलवाल

अग्रलेख

बंगलादेशकी प्रधानमन्त्री शेख हसिना आफ्नो १५ वर्षे लामो शासनपछि जनआन्दोलनको दबाबमा राजीनामा दिएर देश छोड्न बाध्य भइन् । सेनाले आन्दोलनकारीमाथि गोली नचलाउने निधो गरेको केही घन्टामै परिस्थितिले कोल्टे फेर्‍यो । उनी दक्षिण एसियामा भारतको सबैभन्दा भरपर्दो मित्र थिइन् । दिल्लीमा आयोजित जी-२० शिखर सम्मेलनमा भारतले दक्षिण एसियाबाट प्रधानमन्त्री शेख हसिनालाई मात्र निमन्त्रण गरेर विशेष सम्मान दिएको थियो । विगत तीन वर्षमा अफगानिस्तान र श्रीलंकाका राष्ट्रपति र पछिल्लो चरणमा बंगलादेशकी प्रधानमन्त्री हसिना देश छाड्न बाध्य भएपछि भारतको 'छिमेक पहिलो नीति'माथि ठूलो धक्का लागेको छ । भुटानबाहेक दक्षिण एसियाका सबै देश अस्थिर छन् । यसमा शासक स्वयं, क्षेत्रीय शक्ति भारत र अन्य बाह्य शक्तिको भूमिका कति जिम्मेवार छ, अब गम्भीर विश्लेषण गर्ने वेला आएको छ ।

अफगानिस्तान, श्रीलंका र बंगलादेशभन्दा अघि नेपालका राजा पनि जनआन्दोलनको दबाबमा सत्ता छाड्न बाध्य भएका थिए । पाकिस्तानमा निर्वाचित प्रधानमन्त्री इमरान खानले आफूलाई सत्ताच्यूत गर्नमा अमेरिकी षड्यन्त्रको आरोप लगाएका थिए । मालदिभ्समा 'इन्डिया आउट' अभियानलाई मुख्य नारा बनाएर मोहम्मद मोइजु राष्ट्रपतिमा निर्वाचित भए ।

हसिना बंगलादेशलाई राजनीतिक स्थिरता दिएर बंगलादेशलाई एउटा गरिब देशबाट मध्यम आय भएको मुलुक बनाउन सफल भइन् । उनले हिन्दू र अल्पसंख्यक जनताको संरक्षणमा पनि ध्यान दिएकी थिइन् । त्यसका बाबजुद उनको शासनको दुःखद अन्त्य भयो । सरकारी सेवामा स्वतन्त्रता आन्दोलन योद्धाका सन्तानलाई ३० प्रतिशत आरक्षण दिएको विरोधमा सुरु भएको विद्यार्थी आन्दोलन सरकारविरोधी जनआन्दोलनमा परिणत भएपछि हसिना देश छाड्न बाध्य भएकी हुन् । श्रीलंकामा जस्तै लाखौँ आन्दोलनकारी उनको दरबार घेर्न आउने सूचना पाएपछि परिस्थितिले अचानक गम्भीर मोड लियो । आन्दोलनमा मुस्लिम अतिवादीको घुसपैठ भएको र अन्तिममा त्यो शक्ति निर्णायक बनेको आशंका पनि गरिएको छ ।

**पछिल्लो आमनिर्वाचन र बाह्य स्वार्थ :** २०८० माघमा भएको आमनिर्वाचनमा प्रमुख विपक्षी बंगलादेश नेसनलिस्ट पार्टी (बिएनपी) लगायतले गरेको बहिष्कारका बाबजुद हडताल र हिंसाबीच मतदान गराइएको थियो । विपक्षी दलहरूको तटस्थ अन्तरिम सरकार गठन गरी त्यसले निर्वाचन गराउनुपर्ने माग थियो । त्यसलाई हसिनाले बेवास्ता गरिन् । अमेरिका र युरोपियन युनियनले पनि विपक्षी दलले बहिष्कार गरेको निर्वाचन स्वतन्त्र, पारदर्शी र विश्वसनीय नहुने भन्दै निर्वाचनको वैधतामाथि प्रश्न उठाए । तर, भारतको साथ र सहयोगमा जातीय पार्टी र केही स्वतन्त्र उम्मेदवारलाई भाग लिन लगाई निर्वाचनलाई वैधता दिइयो ।

प्रमुख निर्वाचन आयुक्त स्वयंले सुरुमा २८ प्रतिशत मतदाताले मात्र मतदानमा भाग लिएको टिप्पणी गरे पनि पछि उनैले त्यसलाई ४० प्रतिशत भनेर सच्याए । एकपक्षीय निर्वाचनमा हसिनाको अबामी लिगले २ ९८ मध्ये २३६ सिटमा विजय हासिल गर्‍यो । भारतले निर्वाचन परिणामलाई स्वागत गर्दै हसिनालाई बधाई दियो । भारतको प्रमुख स्वार्थ ढाकामा जसरी पनि भारतमैत्री सरकार बनाउनु थियो । बंगलादेशका मन्त्री ओबैदुल कादरले 'भारतले निर्वाचन प्रक्रियालाई साथ दिएपछि निर्वाचन सम्भव भएको' स्विकारेका थिए । यसरी बाँकी आन्तरिक राजनीतिक शक्तिहरूले अवैध मानेको निर्वाचनबाट हसिना भारी बहुमतले विजयी भई पाँचौँपटक प्रधानमन्त्री बनिन् ।

बंगलादेशमा भारतको भूराजनीतिक र रणनीतिक स्वार्थ गहिरोसँग जोडिएको छ । चिकेन नेक, पूर्वोत्तर राज्यसँगको कनेक्टिभिटी, व्यापार, चीनको उपस्थिति न्यूनीकरण, रोहिंग्या शरणार्थीको व्यवस्थापन, हिन्दू तथा अल्पसंख्यकको सुरक्षा, मुस्लिम उग्रवादीमाथिको नियन्त्रण, बे अफ बंगालको रणनीतिक महत्त्व आदिले गर्दा भारतको स्वार्थ बंगलादेशसँग जोडिएको छ । बंगलादेशमा चीनको पनि प्रभावकारी उपस्थिति छ । चीनकै कारण अमेरिकाको रणनीतिक स्वार्थ घनीभूत छ । हसिनाले भारत र चीनलाई रणनीतिक सन्तुलनमा राखेकी थिइन् । उनको सत्ता बहिर्गमनपछि भारतले दक्षिण एसियाको एउटा महत्त्वपूर्ण रणनीतिक साझेदार गुमाएको छ । शेख हसिनाको सरकारलाई अधिनायकवादी र माफियाको आरोप लाग्ने गरेको थियो । माफिया र केही ठूला कर्पोरेट हाउसलाई पोसेको आरोप बंगलादेशमा मात्र होइन, भारत र नेपाल सरकारमाथि पनि यदाकदा लाग्ने गरेको छ । यो शुभ संकेत होइन । प्रजातान्त्रिक मुलुक भारतले करिब १७ करोड जनसंख्या (मुस्लिम १५ करोड) भएको छिमेकी देश बंगलादेशमा प्रजातन्त्रलाई स्थायित्व दिनमा भन्दा भारतमैत्री शासकलाई साथ सहयोग दिनुको पछाडि उसको बृहत्तर रणनीतिक स्वार्थ गाँसिएको छ । घनिष्ट मित्र भएका कारण हसिनालाई देश छाड्ने र राजनीतिक शरण लिने प्रक्रियामा पनि भारतले सहयोग गरिरहेको छ । यद्यपि, बेलायतलगायत पश्चिमा शक्ति उनलाई राजनीतिक शरण दिन अघि सरेका छैनन् ।

**स्थिर भारत, अस्थिर छिमेक :** भारत स्वतन्त्र भएदेखि नै भुटानलाई छाडेर दक्षिण एसियाका सबै देश राजनीतिक रूपमा अस्थिर हुनु र भारतचाहिँ स्थिर र सुदृढ रहनुपछाडिका रहस्य र कारणलाई गम्भीर रूपमा खोतलेर हेर्ने वेला आएको छ । भारतको निर्वाचन र सरकार परिवर्तनको खेलमा बाह्य हस्तक्षेप प्रायः शून्य छ । त्यहाँ आवधिक निर्वाचन र संसद्‌मा आन्तरिक शक्ति सन्तुलनकै आधारमा सरकार परिवर्तन हुन्छ । सेनाले राजनीतिमा चासो देखाउँदैन । तर, दक्षिण एसियाका अन्य मुलुकमा हुने व्यवस्था र सरकार परिवर्तन तथा आन्तरिक मामिलामा त्यस देशको सेना र बाह्य शक्ति, विशेषगरी भारतको प्रभाव र हस्तक्षेप प्रबल छ । बंगलादेशको पछिल्लो निर्वाचनलाई विपक्षी दलले बहिष्कार गरेको अवस्थामा भारतले समर्थन नगरेको भए अवश्य पनि त्यहाँ तटस्थ अन्तरिम सरकार गठन भई स्वच्छ र सर्वस्वीकार्य निर्वाचनको वातावरण बन्न सक्थ्यो । यद्यपि, त्यसरी आउने सरकार भारतमैत्री हुने सुनिश्चित भने थिएन । हसिनाको सत्तास्वार्थ र भारतको रणनीतिक स्वार्थबीच पनि गहिरो अन्तरसम्बन्ध थियो । हसिनापुत्र सजीव वाजेदले अब बंगलादेश पाकिस्तानजस्तो बन्ने भविष्यवाणी गरेका छन् । हसिना युगको अन्त्यसँगै अब बंगलादेशले पहिलाजस्तै राजनीतिक अस्थिरतामा डुबुल्की मार्छ वा निर्वाचनमार्फत स्थिरताको मार्ग पकड्छ त्यो अहिले भन्न सकिँदैन ।




> नेपालमा पनि सरकार अधिनायकवाद, चरम सत्तास्वार्थ र अनियमिततामा लिप्त भई जनतालाई सुशासन दिन असफल भएमा अफगानिस्तान, श्रीलंका, बंगलादेश र विगतको नेपाली मोडलको आन्दोलनको सम्भावनालाई नकार्न सकिँदैन

**सेनाको भूमिका :** अब बंगलादेशमा सैनिक शासन लाद्न सम्भव देखिँदैन । आन्दोलनकारीले सैनिक शासन नमान्ने चेतावनी दिइसकेका छन् । उनीहरूले विश्व शान्ति पदक विजेता मोहम्मद युनिसलाई अन्तरिम सरकार सम्हालिदिन अनुरोध गरेका छन् । अन्तरिम सरकार गठनमा सेनाले समन्वयकर्ताको भूमिका भने खेलिरहेको छ । बंगलादेशको गृह राजनीतिमा त्यहाँको सेना प्रत्यक्ष मुछिने गरेको लामो इतिहास छ । सैनिक नेतृत्व र असन्तुष्ट सैनिक अधिकृतले पटक-पटक सैनिक कु गरेको वा कुको असफल प्रयास गरेका उदाहरण छन् । यसपटक भने सेनाको आन्दोलनकारीमाथि गोली नचलाउने निर्णय हसिनाको अचानक तख्तापलटको अन्तिम कारण बन्न पुग्यो । नेपालमा पनि १९ दिने जनआन्दोलनमा आन्दोलनकारीमाथि गोली नचलाउन भारतले नेपाली सेनाको नेतृत्वलाई चेतावनी दिएको थियो । श्रीलंकामा पनि सेनाले आन्दोलनकारीमाथि अधिकतम बल प्रयोग नगरेपछि राष्ट्रपति महिन्दा राजापाक्षे देश छाड्न बाध्य भएका थिए । अब दक्षिण एसियाको राजनीतिमा जनशक्ति नै प्रबल र निर्णायक बन्न पुगेको अवस्था छ ।

विश्व शान्ति स्थापनामा बंगलादेशी सेनाले उल्लेख्य योगदान दिँदै आएको छ । संयुक्त राष्ट्र संघ शान्ति स्थापनामा भाग लिएर फर्केपछि सैनिक अधिकृतमा प्रजातन्त्र र मानव अधिकारप्रतिको बुझाइ र व्यवहारमा ठूलो परिवर्तन आउने गरेको छ । करिब डेढ महिनाअघि मात्र (जुलाई २३) नेतृत्व सम्हालेका बंगलादेश सेनाका प्रधानसेनापति वाकर उज्जमानले बेलायतमा स्टाफ कलेज गरेको र राष्ट्र संघको शान्ति स्थापना कार्यमा विभिन्न ओहोदामा सहभागी भएको अनुभवले पनि उनी मानवअधिकार र जनमतको पक्षमा उभिनु स्वाभाविक हो । आन्दोलनकारीमाथि अधिकतम शक्ति प्रयोग गरी मृत्यु, घाइते वा बेपत्ता भएमा सैनिक अधिकारीमाथि लाग्ने मानव अधिकार उल्लंघनको आरोपलाई पछिल्ला सरकारले समेत माफी दिन नसक्ने भएकाले सेनाले गोली चलाउन इन्कार गर्नु स्वाभाविक हो ।

नेपालमा व्यवस्था परिवर्तनको बखत तेस्रो शक्तिका रूपमा भारतलाई भित्र्याएर प्रतिस्पर्धी आन्तरिक शक्ति विश्वस्त हुने गरेको र सेना राजनीतिक रूपमा निष्क्रिय बस्ने गरेको छ । ०६२/६३ को जनआन्दोलनपछि त राष्ट्र संघीय मिसन अनमिनलाई संस्थापन र विद्रोही माओवादीले छुट्टाछुट्टै पत्र लेखेरै निम्त्याए । सन् २००७ र अहिले बंगलादेशको सेनाले सहज सत्ता हस्तान्तरणमा तेस्रो शक्तिको भूमिका निर्वाह गरेको देखिन्छ । यद्यपि, केहीले यसलाई सैनिक कुका रूपमा पनि व्याख्या गरेका छन् ।

**नेपाललाई पाठ :** हसिनाको १५ वर्षे प्रधानमन्त्रीत्व कालमा नेपालमा भने १३ जना प्रधानमन्त्री भए । नेपालको अघिल्लो दुईखम्बे व्यवस्थाको अवधिबराबर त उनी एक्लेलै एकछत्र शासन चलाइन् । नेपाल भने लामो राजनीतिक अस्थिरताको चक्रव्यूहमा फसेको हुनाले आर्थिक विकास पनि धिमा गतिमा घिस्रिरहेको अवस्था छ । यद्यपि, अझै राजनीतिक स्थिरता दलहरूको प्राथमिकताभित्र परेको देखिँदैन ।

प्रधानमन्त्री हसिनाको भारतसँग घनिष्ट सम्बन्ध भएकाले नेपालबाट ४० मेगावाट बिजुली किन्ने त्रिपक्षीय सम्झौता सम्भव भएको थियो । अब बंगलादेशमा बन्ने अन्तरिम सरकार र त्यसपछि बन्ने नयाँ सरकारको भारतसँग कस्तो सम्बन्ध हुन्छ र उनीहरूबीचको कनेक्टिभिटी आयोजना कसरी बढ्छ, त्यसले त्रिपक्षीय विद्युत् खरिद सम्झौतालाई पनि तदनुरूप प्रभाव पार्ने सम्भावना छ । अस्थिरता लम्बिँदै गएमा बंगलादेशमा उच्च शिक्षा अध्ययन गर्ने करिब चार हजार नेपाली विद्यार्थीको सुरक्षा, भविष्य र आर्थिक लगानी संकटमा पर्ने अधिक सम्भावना छ । अब नेपालले प्राविधिक उच्च शिक्षाका लागि आन्तरिक मागबमोजिम पर्याप्त कलेज देशभित्रै खोल्ने नीति लिन जरुरी छ ।

भविष्यमा हुने सरकारविरोधी आन्दोलनमा नेपाली सेनाले अधिकतम शक्ति प्रयोग गरेरै भए पनि परिस्थितिलाई नियन्त्रणमा लिने र परिवर्तन रोक्ने स्थिति देखिँदैन । विगतमा पनि सेनाले आन्दोलकारीविरुद्ध न्यूनतम शक्ति मात्र प्रयोग गरेको हुनाले जनशक्ति विजयी भएको इतिहास छ । नेपालमा पनि सरकार अधिनायकवाद, चरम सत्तास्वार्थ र अनियमिततामा लिप्त भई जनतालाई सुशासन दिन असफल भएमा अफगानिस्तान, श्रीलंका, बंगलादेश र विगतको नेपाली मोडलको आन्दोलनको सम्भावनालाई नकार्न सकिँदैन । बंगलादेशमा लागेको आरक्षणविरोधी आन्दोलनको झिल्को छिट्टै डढेलोमा परिवर्तन भयो र हसिनाको सत्तालाई खरानी बनायो । यसमा राजनीतिक दलहरू सचेत हुन र सच्चिन जरुरी छ । जस्तोसुकै कठिन र जटिल राजनीतिक परिस्थितिमा पनि नेपाली सेना राजनीतिबाट टाढै रहने र सत्ता सञ्चालनमा हात नहाल्ने भएकाले भविष्यमा नेपालको परिवर्तनमा पनि जनता नै निर्णायक शक्ति बन्नेमा ढुक्क हुन सकिन्छ ।

*(डा. सिलवाल नेपाली सेनाका अवकाश प्राप्त उपरथी हुन्)*

---

## ३ प्रश्न

नेपाल प्रहरीका अवकाशप्राप्त एआइजी **उत्तमराज सुवेदी**लाई



**पछिल्ला तीन वर्षमा प्रहरीमा दर्ता हुने अपराध करिब ५० प्रतिशतले बढेका छन्, किन होला ?**

अपराध वृद्धि हुनुमा विविध कारण हुन्छन् । आर्थिक कारोबार बिग्रँदा विश्वासघात बढेका छन् । जसले प्रहरीमा चेक बाउन्सजस्ता लेनदेनका मुद्दा बढेका छन् । अर्कातर्फ सामाजिक सञ्जालको दुरुपयोग गरी हुने अपराधमा पनि वृद्धि भएको छ । अवैध सम्बन्धका कारण कतिपय गम्भीर किसिमका अपराध पनि भएका देखिन्छन् । कतिपय अवस्थामा प्रहरीको सक्रियताले पनि अपराधको संख्या बढेको हुन सक्छ । लागुऔषध कारोबारविरुद्ध पछिल्लो समय प्रहरीले निर्ममतापूर्वक कारबाही गरेकाले पनि मुद्दा बढेको छ ।

**पेसेबर र संगठित किसिमका अपराधचाहिँ घट्दै गएका हुन् ?**

धेरै हदसम्म नियन्त्रण भएको छ । यसको मुख्य कारण प्रहरी सक्रियता नै हो । हिजो अपहरणसम्बन्धी कानुन नै थिएन । पछि प्रहरीले निकै मिहिनेत गरेर अप्रेसन चलायो । गुन्डागर्दीविरुद्ध पनि प्रहरीको एउटा पुस्ताले नै शून्य सहनशीलताको नीति लिएर कारबाही गर्‍यो । कति त इन्काउन्टरमै मारिए । पछिल्लो समय तराईका जिल्लामा लुटपाटका घटना बढ्न थालेका छन् । सीमापार अपराधका घटना पनि बढेका देखिन्छन् । यसमा सचेत हुनुपर्छ ।

**अपराध नियन्त्रणलाई प्रभावकारी बनाउन प्रहरीले केमा ध्यान दिनुपर्ला ?**

प्रहरी अनुसन्धानमा प्रविधि र नयाँ शैलीका अपराध अनुसन्धानका लागि दक्ष जनशक्तिको अभाव हुन थालेको छ । अर्कातर्फ अनुसन्धानमा खटिने प्रहरीलाई प्रोत्साहनको आवश्यक छ । अहिले मनोबल कमजोर भएको अवस्था छ । विशिष्टीकृत निकायले गर्ने अनुसन्धानलाई समेत जबर्जस्ती विवादमा तान्ने तथा सानातिना त्रुटिलाई उचाल्ने प्रवृत्ति देखिएको छ । यसलाई रोकेर अपराध अनुसन्धानमा खटिने जनशक्तिलाई सरकार र प्रहरी संगठनबाट प्रोत्साहन गरिनुपर्छ ।

---

प्रेरक प्रसंग

## नागागुरु र माली

स्वामी रामकृष्ण परमहंस आध्यात्मिक विषयमा चर्चा गर्न पाउँदा खुब खुसी हुन्थे । प्रायः उनी विभिन्न सम्प्रदायका सन्तसित भेटघाट गरी अध्यात्मको विषयमा गम्भीर बहस गर्थे । एकपटक उनी नागागुरु तोतापुरीसितको संवादमा व्यस्त थिए । माघ महिनाको ठन्डी थियो । धुनी जलिरहेको थियो । ज्ञानगुनका विषयमा बहस भइरहेको थियो ।



बहसकै दौरान एक माली तोतापुरीको आश्रमबाहिरको बाटो हुँदै कतै गइरहेका थिए । यस क्रममा उनले आफ्नो चिलिम सल्काउन धुनीबाट केही कोइला निकाले । तोतापुरीलाई एउटा साधारण माली यसरी अचानक आउनु र विनाअनुमति पवित्र धुनी छुनु निकै नराम्रो लाग्यो । उनले मालीलाई गाली मात्र गरेनन्, उठेर दुई थप्पड पनि लगाइदिए । बिचरा माली केही बोल्नै सकेनन् । यी तिनै माली थिए, जसले रामकृष्णको धुनीबाट भने जहिल्यै कोइला लिएर आफ्नो चिलिम सल्काउने गर्थे । यस घटनालाई नजिकबाट देखिरहेका रामकृष्ण तोतापुरीको व्यवहार देखेर जोडले हाँस्न थाले । उनको हाँसो सुनेपछि तोतापुरीले प्रश्न गरे- यो अछुत मालीले पवित्र धुनीको अग्नि छोएर अपवित्र गराइदियो । तपाईं भने यसलाई दुई-चार थप्पड लगाइदिनुको साटो किन यसरी हाँसिरहनुभएको छ ?

तोतापुरीको प्रश्न सुनेपछि रामकृष्णले भने- गुरुजी, कसैले छुँदैमा कुनै वस्तु अपवित्र हुन्छ भन्ने मलाई थाहा थिएन । भर्खरैसम्म तपाईं 'एको ब्रह्म द्वितीयो नास्ति' भन्दै मलाई समस्त विश्व एउटै परब्रह्मको प्रकाशबाट जाज्वल्यमान रहेको ज्ञान दिँदै हुनुहुन्थ्यो । तर, धुनी छोएको अपराधमा एक सामान्य मालीलाई गाली गरी पिट्दै गर्दा तपाईंको त्यो ज्ञान कता गयो ? अनि, तपाईंजस्ता आत्मज्ञानीलाई देख्दा कसरी आफ्नो हाँसो थामूँ, तपाईं आफैँ भन्नुहोस् त ! रामकृष्णको भनाइ सुनेपछि नागागुरु लज्जित भए । उनले मालीसित माफी मागे र भविष्यमा यस्तो गल्ती कहिल्यै नगर्ने प्रण पनि गरे ।

---

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

## सकारात्मक सहमति

टिआरसी विधेयक अन्तिम चरणमा पुगेको समाचार सकारात्मक छ । आगामी २९ साउनमा प्रतिनिधिसभामा पेस गर्ने तयारी भएको सुनियो । त्यसअघि यो विधेयक पीडितमैत्री छ कि छैन ? पीडकलाई उचित कारबाही र पीडितलाई उचित परिपूरणको भरपर्दो व्यवस्था छ कि छैन ? पीडकलाई 'सुनपानी' छर्केर चोख्याउने नियतले मात्र यो विधेयक ल्याउन लागिएको त होइन नि ? यस्ता विभिन्न पाटामा भरपर्दो छलफल नगरी हचुवाका भरमा अघि नबढाइयोस् । पहिले सांसदहरू ढुक्क हुनुहोस् । अनि मात्र प्रक्रियामा जानुहोस् । हामी विधेयकको पक्षमा छौँ ।

● **सुवन्दना महतरा**, सानोठिमी, भक्तपुर

## हवाई दुर्घटनाबारे गम्भीर बन

'दुई सातामा अर्को हवाई दुर्घटना' शीर्षकको समाचार पढियो । चार चिनियाँ नागरिकसहित पाँचको मृत्यु हुने गरी हेलिकोप्टर दुर्घटना भएको समाचारले मनै चसक्क भयो । केहीअघि मात्र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा भएको विमान दुर्घटनामा १९ को ज्यान गएको थियो । यसरी पटक-पटक भइरहने दुर्घटनाको वास्तविक कारण पत्ता लगाउन नसकिएको हो कि पत्ता लगाउन नखोजिएको हो ? कारण पत्ता लगाएर त्यसको कार्यान्वयनमा गम्भीर बन्न ढिलो भइसक्यो ।

● **सुजन मलहोत्रा**
बबरमहल, काठमाडौं

## प्रविधि र दक्ष जनशक्तिको खाँचो

एक वर्षमै ५९ हजार आपराधिक घटना घटेको समाचार पढियो । नेपालजस्तो सानो र शान्त देशमा एकै वर्षमा ५९ हजार आपराधिक घटनाको तथ्यांक आउनु गम्भीर चिन्ताको विषय हो । गम्भीर प्रकृतिका अपराध प्रहरीको नियन्त्रणभित्रै भए पनि यसलाई कुनै दिन हाम्रो प्रविधि र जनशक्तिले थेग्न मुस्किल पर्न सक्छ । यसको बढोत्तरी तीव्र गतिमा भइरहेको देखिन्छ । त्यसैले, प्रहरीलाई अत्याधुनिक प्रविधि र दक्ष जनशक्तिबाट सुसज्जित गर्न ढिलो नगरौँ ।

● **वन्दना निरौला**
चक्रपथ, काठमाडौं

## भ्रष्टाचारका फाइल बन्द भएका हुन् ?

देशमा ऐंजेरुका रूपमा भ्रष्टाचार फैलिएको छ । यसको जालो यति फैलिएको छ कि सानोतिनो आँटले यो तोडिनेवाला छैन । यसलाई तोड्न हिम्मतवाला नै चाहिन्छ । त्यसैले प्रधानमन्त्रीज्यू, आँट गर्नुहोस् । यो तपाईंका लागि सुनौलो अवसर हो । बोलेर होइन, काम गरेर देखाउनुहोस् । यसअघि प्रचण्ड नेतृत्वको सरकारले खोल्न लागेका भनिएका भ्रष्टाचारीका पुराना फाइल बन्द भएका हुन् कि कहीँ कतै कसैलाई जोगाउने रणनीति बनाउन आलटाल गरिँदै छ ?

भुटानी शरणार्थी, सुन तस्करी, ओम्नी, गिरीबन्धु टिस्टेट, बालुवाटार जग्गा काण्ड, क्यान्टोनमेन्ट, सहकारी ठगीजस्ता दर्जनौँ ठूला र पुराना काण्डका फाइल खोल्न लागेको भन्ने समचार आएको थियो । तर, अहिले ती फाइल कहाँ, कुन अवस्थामा छन्, अत्तोपत्तो छैन । सरकार फेरिएपछि नीति, नियम, कानुन र अपराधीको पृष्ठभूमि पनि फेरिने हो र ? हिजो कांग्रेस महामन्त्री तथा सांसद गगनकुमार थापा संसद्‌मा उफ्रीउफ्री कराएका थिए- सहकारी ठगीको अभियोग लागेका रवि लामिछानेलाई तत्काल कारबाही गर्नुपर्‍यो भनेर । अहिले उनकै दलका गृहमन्त्री छन् । किन लामिछानेमाथि कारबाही नगरेको त ? लामिछानेले सरकारबाट बाहिरिँदै गर्दा भनेका थिए- सबभन्दा पहिला मेरो फाइल खोल्नुहोस्, छानबिन गर्नुहोस् र म दोषी देखिएँ भने हदैसम्मको कारबाही पनि गर्नुहोस् । अहिलेसम्मका मन्त्री सांसदले त्यति भन्ने आँट गरेका थिएनन् । उनी दोषी छन् या छैनन्, त्यो त छानबिनपछि थाहा होला । पत्ता लगाउन पहिले छानबिन त हुनुपर्‍यो । खोइ त छानबिन गरेको ?

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

---

# बेलायतको खस्किँदो अर्थतन्त्रले निम्त्याउँदै छ साम्प्रदायिक दंगा

## बेलायती सडकमा देखिएको घृणा स्तब्धकारी छ, जसले बेलायतको अन्तर्राष्ट्रिय प्रतिष्ठामा गम्भीर क्षति पुर्‍याइरहेको छ



देश / विदेश

● ल्यारी इलियट

बेलायतकी अर्थमन्त्री रेचल रिभ्स बेलायतमा लगानी गर्न आग्रह गर्दै अमेरिका पुगेकी छिन् । यो उद्देश्यका लागि उहाँलाई शुभकामना छ, तर नश्लभेदी दंगा भइरहेको सन्दर्भमा बेलायत व्यापारका लागि खुला छ भनेर घोषणा गर्न यो राम्रो समय होइन । बरु एट्लान्टिक महासागरको अर्को छेउमा बेलायत ठगले भरिएका छन्, जहाँ जातिद्वेष व्याप्त छ र अर्थतन्त्र विखण्डित छ भन्ने सन्देश गएको छ । उग्र-दक्षिणपन्थी हिंसा सरकारका लागि अनपेक्षित बनेको छ ।

बेलायत एलोन मस्कले भनेझैँ 'अवश्यम्भावी' गृहयुद्धको नजिक पुगिसकेको त छैन, तर नाइजेरिया, अस्ट्रेलिया र इन्डोनेसियाले बेलायत यात्राको खतराबारे आफ्ना नागरिकलाई चेतावनी दिनुले अर्थ भने राख्छ । सडकमा देखिएको घृणा नीच एवं स्तब्धकारी छ, जसले बेलायतको अन्तर्राष्ट्रिय प्रतिष्ठामा गम्भीर क्षति पुर्‍याइरहेको छ । हालको अवस्थामा सामूहिक गिरफ्तारी र दण्डात्मक सजाय आवश्यक र न्यायसंगत छन् । दंगा गर्नेहरू आफ्नो कृत्यका लागि आफैँ जिम्मेवार छन् र यस्ता कृत्य निःसन्देह अपराध हुन् । सन् २०११ मा जब व्यापक दंगा मच्चियो, तब म न्यायाधीश थिएँ । त्यसवेला 'माथि'बाट दंगाकारीमाथि सख्त रूपमा पेस आउन सन्देश दिइएको थियो । यस्तै सन्देश यसपटक पनि पर्वाह भएको हुनुपर्छ, अर्थात् सामान्यतया उदारतापूर्वक व्यवहार गरिने अपराधका लागि कडा सजाय दिइनुपर्ने सन्देश आएको हुन सक्छ ।

हालैका हिंसात्मक घटना विदेशमा इंग्ल्यान्डले फुटबल खेल हार्दा भएको गुन्डागर्दी हो वा ठूलो सामाजिक समस्याको सूचक हो भन्ने प्रश्नको उत्तर महत्त्वपूर्ण छ । यदि पहिलो सन्दर्भ हो भने कडा सजाय प्रभावकारी हुन सक्छ, तर यदि सन्दर्भ पछिल्लो हो भने मुद्दा निकै जटिल छ र केवल अपराधीलाई थुन्नुले समाधान दिँदैन । यसबाहेक दंगा भड्काउनमा भूमिका खेलेका सामाजिक सञ्जाललाई नियन्त्रण गर्नु पनि अचुक उपाय होइन ।

आर्थिक असमानता, गरिबी र आप्रवासनका प्रभावजस्ता अन्तर्निहित सामाजिक मुद्दालाई सम्बोधन गर्नुको सट्टा हिंसाका लागि केही व्यक्ति वा समूहलाई दोष दिन सजिलो छ । प्रश्न उठ्छ, के बेलायत उग्र-दक्षिणपन्थी चरमपन्थ फस्टाउन उर्वर भूमि हो ? दुर्भाग्य, बेलायत उर्वर भूमि बनेको छ । दशकौँदेखि विभिन्न परोपकारी संस्था र विज्ञहरूले बेलायतमा धनी र गरिबबीचको बढ्दो खाडलबारे चेतावनी दिँदै आएका छन् । गरिब क्षेत्र गरिब नै रहेको र धनी क्षेत्र धनी नै रहेको छ र यो अन्तर २५ वर्षदेखि कायम भएको तथ्य रिजोलुसन फाउन्डेसनको हालैको अनुसन्धानले देखाएको छ । बालबालिकामा रहेको गरिबीको अवस्था थप नाजुक छ । पहिले लन्डनमा बाल गरिबीको एकाग्रता उच्चतम थियो, अहिले भने बाल गरिबी उत्तर-पश्चिम र पश्चिम मिडल्यान्ड्सतर्फ फैलिएको छ । हिंसाले ग्रस्त क्षेत्रका विपरीत क्याम्ब्रिज, विन्चेस्टर, सेन्ट अल्बन्सजस्ता सहर शान्त नै छन् । यहाँको अर्थतन्त्र बलियो छ र मानिसले उच्च जीवनस्तर उपभोग गरिरहेका छन् । यहाँको प्राथमिक चिन्ता प्रायः सामाजिक अशान्तिको सट्टा स्थानीय विकास हुने गर्छ । अर्थमन्त्री रिभ्सले ल्याउन सक्ने सम्भावित अमेरिकी लगानीबाट हुने सबै आर्थिक वृद्धिले यी समृद्ध क्षेत्रलाई नै फाइदा पुर्‍याउने सम्भावना छ ।

अमेरिकी लगानी सबैभन्दा डरलाग्दो गरी दंगा भड्किएको रोडरहम, मिडलसब्रो, स्टोक-अन-ट्रेन्ट र हार्टलपुलमा पक्कै पनि पुग्नेछैन । यो प्रतिकूल परिस्थितिका बाबजुद यी क्षेत्रमा लगानी प्रोत्साहन अहिलेको ठूलो आवश्यकता छ । यी सबै सहर उत्तर-औद्योगिक बेलायतका उत्कृष्ट उदाहरण हुन्, अर्थात् यी ठाउँ १९८० र ९० को दशकमा उत्तर-औद्योगिक बेलायती अर्थतन्त्रको केन्द्रविन्दु थिए, जहाँ कारखानालाई कल सेन्टर र वितरण गोदामले प्रतिस्थापन गरेका थिए । सन् २०१० को चुनावपछि लागू गरिएको मितव्ययिताबाट यी क्षेत्रका मानिसले सबैभन्दा बढी पीडा व्यहोरेका थिए । हाल एक दशकभन्दा बढी समयपछि पनि न्यूनतम ज्याला स्थिर छ, जीविका लागत संकट उच्च बिन्दुमा पुगेको छ र सन् २०२२ मा वैध आप्रवासीको संख्या कीर्तिमानी स्तरमा चुलिएको थियो । यी कारक र परिस्थिति एकै ठाउँमा आउँदा घातक मिश्रण बन्छ । उल्लिखित ठूला-साना सहरका बासिन्दाले अवस्था परिवर्तन हुने आशामा ब्रेक्जिटका पक्षमा मतदान गरेका थिए । तैपनि अपेक्षित नतिजा आउन सकेन । सन् २०१९ को चुनावपछि बेलायतलाई स्थिरतामा ल्याउने बोरिस जोनसनको आश्वासनमा यी बस्तीका मानिसले विश्वास गरे पनि धोका पाए । राज्यप्रतिको विश्वास रसातलमा खस्कियो । प्रहरीप्रतिको इज्जत अत्यधिक घट्यो । सामान्यतया असन्तुष्टि व्यक्त गर्न शरणार्थी र आप्रवासीलाई बलिको बोका बनाइँदै छ । नश्लभेदी आक्रमणका तस्बिर विचलित पार्ने खालका छन्, तर त्यसभन्दा पनि बढी विचलित पार्ने काम नश्लभेदी आक्रमण हुँदा भइरहेको हिंसालाई सडकमा मौनता साधेर अनुमोदन गर्ने आममानिसले गरिरहेका छन् ।




तस्बिर : जस्टिन ट्यालिस/एएफपी

मूलवासीको लाभ-सुविधा कटौती होस् वा बेरोजगारी बढोस् वा राष्ट्रिय स्वास्थ्य सेवामा हुने ढिलाइ नै किन नहोस् मस्जिद वा होटेलमा शरण लिइरहेका माथि आक्रमण गर्नुलाई कुनै पनि कोणबाट जायज ठहर्‍याउन सकिँदैन । मैले सन् २०११ मा भनेझैँ अपराधको गम्भीरताका बाबजुद अपराधीलाई जेलमा जाक्नु मात्रै अन्तर्निहित समस्याको समाधान होइन । गत साता वा सोभन्दा अगाडिको सातामा जे भयो, त्यसमा आर्थिक र सामाजिक कारकले भूमिका खेल्दैन भनेर कल्पना गर्नु पूर्ण रूपमा अवास्तविक संसारमा बाँच्नु हो । तसर्थ, सरकार दंगाप्रति सख्त हुनुपर्छ र त्यसभन्दा बढी सख्त दंगाका कारकमा हुनुपर्छ भन्ने मनन गर्न आवश्यक छ ।

*(इलियट गार्डियनका अर्थतन्त्र सम्पादक हुन्)*

*द गार्डियनबाट*

# युनुसको नेतृत्वमा बंगलादेशमा नयाँ सरकार गठन

**ढाका/** नोबेल शान्ति पुरस्कार विजेता मोहम्मद युनुस अन्तरिम सरकार प्रमुखका रूपमा चयन भएका छन् । बिहीबार स्वदेश फर्किएका ८४ वर्षीय युनुसले राष्ट्रपति मोहम्मद शाहबुद्दिनबाट नयाँ सरकार प्रमुखका रूपमा शपथ लिए । शपथग्रहण समारोह बंगलादेशको समयअनुसार बिहीबार राति नौ बजे बंगभवनको दरबार हलमा सम्पन्न भएको थियो । युनुससँगै अन्य १३ जना क्याबिनेटस्तरीय सल्लाहकार परिषद्का सदस्यले पनि शपथ लिए । हसिनाको सरकारलाई अपदस्थ गर्न मुख्य भूमिका खेलेका विद्यार्थी आन्दोलनका दुई शीर्ष नेता नहिद इस्लाम र आसिफल महमुद पनि १६ सदस्यीय सल्लाहकार परिषद्का सदस्य रहेका छन् ।

आरक्षणको विरोधमा सुरु भएको आन्दोलन बंगलादेशी सरकारको दमनकारी शासनविरुद्ध मोडिएर प्रधानमन्त्री शेख हसिना राजीनामा दिई देश छोड्न बाध्य भएपछि नयाँ सरकारको चयन गरिएको हो । हसिनालाई हटाउन प्रमुख भूमिका खेलेको विद्यार्थी आन्दोलनका नेतृत्वकर्ता विद्यार्थी नेताहरूको प्रस्तावमा युनुसलाई अन्तरिम सरकारको नेतृत्व प्रदान गरिएको हो । नयाँ सरकारको नेतृत्व लिनकै लागि युरोपमा निर्वासित जीवन बिताउँदै आएका युनुस बिहीबार स्वदेश फर्किएका थिए । युनुसलाई हसिनाको सरकारले १०० भन्दा बढी आपराधिक मुद्दाको आरोप लगाएपछि उनी फ्रान्सको राजधानी पेरिसमा निर्वासनमा बस्दै आएका थिए ।

स्वदेश फर्केलगत्तै ढाकास्थित विमानस्थलमा पत्रकारसँग कुरा गर्ने क्रममा युनुसले शेख हसिनाको सरकारलाई अपदस्थ गर्नका लागि भएको लामो प्रदर्शनमा मारिएका व्यक्तिप्रति श्रद्धाञ्जलि व्यक्त गर्दै तिनको बलिदानले देशलाई ‘दोस्रो स्वतन्त्रता’ दिलाएको टिप्पणी गरे । ‘हाम्रा वीरहरूको बलिदानले बंगलादेशले नयाँ विजय दिवस सिर्जना गरेको छ ।

शपथग्रहण समारोहमा हसिनाको १५ वर्षे शासनमा मुख्य प्रतिपक्षी दल रहेको बंगलादेश नेसनल पार्टी(बिएनपी)का शीर्ष नेताहरूको सहभागिता थियो । त्यस्तै बेलायत, जापान, चीन, फिलिपिन्स, इरान, अर्जेन्टिना, कतार, नेदरल्यान्ड्स र युएईका कूटनीतिज्ञको पनि उपस्थिति रहेको ढाका ट्रिब्युनले लेखेको छ ।



## शान्ति बहाली पहिलो प्राथमिकता

‘शान्ति सुरक्षा बहाली हाम्रो पहिलो काम हुनेछ । जबसम्म हामी कानुन र व्यवस्थाको स्थिति ठीक गर्दैनौं, तबसम्म एक कदम पनि अगाडि बढ्न सक्दैनौं,’ उनले भने, ‘मेरो सबैसँग आह्वान छ, यदि तपाईंहरूलाई ममाथि भरोसा छ भने यो सुनिश्चित गर्नुस् कि देशको कुनै पनि कुनामा कसैमाथि आक्रमण नहोस् ।’ सेना प्रमुख जनरल वाकर-उज-जमान युनुसको समर्थनमा रहेको जनाएका छन् । युनुस नेतृत्वको सरकारले आगामी दिनमा लोकतान्त्रिक प्रक्रियाको माध्यमबाट मुलुकलाई अगाडि बढाउन सक्षम हुने विश्वास व्यक्त गरे । ढाका विमानस्थलमा पत्रकारहरूसँग युनुसले ‘केही महिनाभित्र’ चुनाव गराउन चाहेको बताएका छन् । साथै उनले छिट्टै आफ्नो संलग्नतामा विजय उत्सव मनाउने पनि बताए । देशले दोस्रोपटक स्वतन्त्रता पाएको छ,’ युनुसले भने । हप्तौं लामो प्रदर्शनविरुद्ध सरकारले कठोर दमन गर्दा कम्तीमा ४५५ जनाको ज्यान गएको छ । त्यस्तै युनुसले देशमा अब सुव्यवस्था बहाली गर्नुपर्ने बताउदै अल्पसंख्यकसहित एक-अर्काको रक्षा गर्न नागरिकलाई आह्वान गरे ।

## कमजोर शान्ति सुरक्षाका कारण हिन्दू समुदायमाथि आक्रमण बढ्यो

बंगलादेशमा शेख हसिना सत्ताच्युत भएपछि देखिएको कमजोर सुरक्षा स्थितिमा बंगलादेशी हिन्दूमाथिको आक्रमण बढेको छ । यसबाट बच्न सयौं भारत र बंगलादेशको सीमामा भेला भएको भारतीय सुरक्षा अधिकारीले मिडियालाई जानकारी गराए । हसिनाको निष्कासनपछि मुस्लिमबहुल बंगलादेशका केही भागमा हिन्दूको व्यवसाय र घरहरूमाथि आक्रमण बढेको छ । विशेषतः हिन्दूहरू हसिनाको मूल मतआधार भएको आरोपमा उनीहरू निसाना बनेका छन् ।

‘सयौं बंगलादेशी नागरिक प्रायः हिन्दूहरू, बंगलादेशसँगको भारतको सिमानामा भेला भएका छन्,’ भारतको सीमा सुरक्षा बल (बिएसएफ) का उप-महानिरीक्षक अमितकुमार त्यागीले बताए । पश्चिम बंगाल राज्यको भारतीय सीमाक्षेत्रको अन्तिम विन्दुमा २०० जना र पश्चिम बंगाल राज्यको जलपाइगुडी जिल्लामा ६०० भन्दा बढी बंगलादेशी नागरिक भेला भएका त्यागीले जानकारी दिए । ‘दुई देशबीचको सीमामा कुनै पर्खाल नभएका कारण बिएसएफका जवानले भिडलाई टाढा राख्न मानव ढाल निर्माण गरेका थिए । अधिकारीहरूले सीमाक्षेत्रबाट भिड पन्छाउन हवाई फायर भएको थियो,’ त्यागीले भने ।

सन् २००९ देखि सत्तामा रहेकी ७६ वर्षीया हसिना एक महिनाभन्दा बढी चलेको आक्रामक विरोध प्रदर्शनपछि सोमबार राजीनामा दिन बाध्य भइन् । त्यसपछि बंगलादेशको सुरक्षा स्थिति सबल नहुँदा हसिनाका पार्टीका समर्थक र हिन्दू समुदायमाथि आक्रमण बढेको छ । ‘बंगलादेश हिन्दू, बौद्ध, क्रिस्चियन, युनिटी काउन्सिल’का अनुसार यो हप्ताको सुरुमा कम्तीमा १० वटा हिन्दू मन्दिरमा आक्रमण भएको छ । ९१ प्रतिशत मुस्लिम रहेको बंगलादेशमा दोस्रो ठूलो धर्मावलम्बी हिन्दूहरू करिब आठ प्रतिशत छन् ।

---

**सुन्दरहरैंचा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**विराटचोक, मोरङ्ग**
**कोशी प्रदेश, नेपाल**

### विज्ञ इन्जिनियर पदको दरखास्त आव्हान सम्बन्धी संसोधित सूचना

**प्रकाशित मिति : २०८१।०४।२५ गते**

नेपाल शहरी शासकीय तथा पूर्वाधार आयोजना मार्फत् सुन्दरहरैंचा नगरपालिकामा सञ्चालित आयोजना तथा आवश्यकताअनुसार कार्यालयको अन्य कार्यका लागि मिति २०८१।०४।२४ गते प्रकाशित सूचनामा उल्लेखित आवश्यक न्यूनतम योग्यतामा Master Degree in Construction and Engineering Management (CEM) with bachelor's degree in Civil Engineering योग्यता भएको समेतले आवेदन गर्न सक्ने गरी विज्ञ इन्जिनियर पदको संसोधित सूचना प्रकाशित गरिएको छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

---

डि.स.का दर्ता नं-४२१३

**अष्ट मातृका बचत तथा ऋण सहकारी संस्था लि.**
**चन्द्रागिरि नगरपालिका वडा नं ७ बाणस्थली, काठमाडौं**

### ऋण कर्जा चुक्ता गर्ने बारे ३५(पैंतिस) दिने सूचना

**प्रकाशित मिति : २०८१/०४/२५**

यस संस्थाबाट कर्जा लिई ऋण लिदा गरिदिएको लिखित तथा शर्तनाममा तोकिएको अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतका रकमहरु नबुझाई ऋण लिदा गरेको शर्त कबुलियतको उलंघन गरेको र संस्थाबाट मौखिक एवम लिखित रुपमा पटक/पटक तरताकिता गर्दा समेत सो को बेवास्ता गरी ऋण दायित्व फछ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । त्यसैले यथाशिघ्र संस्थामा सम्पर्क गरी आफूल उपभोग गरेको ऋण कर्जा सुविधा बापत संस्थालाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज र हर्जना लगायतका रकम एकमुष्ट चुक्त फछ्यौट गराउनको लागि सम्बन्धित ऋणी, धितोवाला, जमानीकर्ता एवं उल्लेखित ऋण सँग सम्बन्ध सबैलाई यो सूचनाद्धारा जानकारी गराईन्छ । सो म्यादभित्र बक्यौता रहेको सम्पूर्ण रकम संस्थालाई चुक्ता भुक्तान नगरी बसेमा ऋणीले/धितोवालाले संस्थालाई लेखिदिएको धितो र कथमकदाचित उक्त धितोबाट असुल उपर हुन नसेके जमानत दिने ब्यक्तिको आफ्नै वा एकासंगोलको परिवारको नाउँमा नेपाल अधिराज्यभर भएको अन्य चलअचल सम्पत्ति समेतबाट सहकारी ऐन नियमवाली, नीति तथा प्रचलित कानून वमोजिम लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी संस्थाको लेना रकम असुल उपर गरिलिने तथा ऋणी र धितो/जमानीकर्तालाई कालो सूचीमा समावेश गर्ने प्रकृया अगाडि बढाइने व्यहोरा ऋण, धितोवाला, जमानीकर्ता तथा सम्वद्ध सबैलाई यो सूचनाबाट सुचित गरिन्छ ।

**ऋणीको तीन पुस्ते विवरण र फोटो**



**नाम : ज्योतिकला रिजाल (देवकोटा)**
साविक ठेगाना : नेत्रगंज गा.वि.स वडा नं-५ सर्लाही
हालको ठेगाना : चन्द्रागिरी न.पा.१ दहचोक
ना.प्र.नं : १९२०९७/३४०
बुबाको नाम : शंकर प्रसाद रिजाल
पतिको नाम : रुद्र प्रसाद देवकोटा
सदस्य नं : ४८३

**धितोवाला/जमानीकर्ता तीन पुस्ते विवरण र फोटो**



**नाम : रुद्र प्रसाद देवकोटा**
साविक ठेगाना : नेत्रगंज गा.वि.स वडा नं २ सर्लाही
हालको ठेगाना : चन्द्रागिरी न.पा.१ दहचोक
ना.प्र.नं : ६६४८०४७९
बुबाको नाम : गंगा प्रसाद देवकोटा
बाजेको नाम : लोक नाथ देवकोटा
सदस्य नं : ६१६

---

**सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको**

### ऋणकर्जा चुक्ता भुक्तान गर्न जारी गरेको ३५ (पैंतिस) दिने सूचना

**प्रकाशित मिति: २०८१/०४/२५**

यस बैंकको शाखा कार्यालय, गौशाला, महोत्तरी शाखाबाट तपसिलमा उल्लेखित ऋणीहरुले उपभोग गर्नु भएको ऋण कर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने साँवा, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा वापत तिर्न बुझाउन पर्ने साँवा तथा ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत उक्त ऋणकर्जा रकमको सम्पूर्ण साँवा, ब्याज तथा हर्जना रकम चुक्ता भुक्तान नगरी यस बैंकसँग भएको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गर्नु भएकोले ऋणकर्जा सुविधा वापत बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्रमा पनि ऋणकर्जा सुविधा वापत तिर्न बुझाउन पर्ने साँवा, ब्याज र सो को हर्जना आदि सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत यस बैंकलाई कर्जा सुरक्षण वापत लेखिदिएको चल/अचल सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असुल गरी लिने र प्रचलित नियम बमोजिम ऋणीहरु तथा जमानीकर्ताहरुलाई कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा समावेश गरिने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराईन्छ ।

**तपसिल**

**ऋणीहरुको नाम र ठेगाना**

१. शिव नारायण सिंह दनुवार को बुहारी, सन्तोष कुमार सिंह दनुवार को पत्नी ,महोत्तरी जिल्ला मे.गोरहन्ना गा.बि.स.वडा नं.९,स्थाई ठेगाना भई हाल महोत्तरी जिल्ला भंगहा न.पा.वडा नं.७ बस्ने **संगिता कुमारी सिंह दनुवार** (ना.प्र.नं. ३८४९१२२७, जारी मिति २०६१/०८/३०, जिल्ला सर्लाही)

२. हरि नारायण राय को नाती,शिव नारायण सिंह दनुवार को छोरा ,महोत्तरी जिल्ला मे.गोरहन्ना गा.बि.स.वडा नं.९,स्थाई ठेगाना भई हाल महोत्तरी जिल्ला भंगहा न.पा.वडा नं.७ बस्ने **सन्तोष कुमार सिंह दनुवार** (ना.प्र.नं.३३८१२८९३, जारी मिति २०५८/०२/०९, जिल्ला महोत्तरी)

Citizens Bank

**मुख्य कार्यालयः**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

---

# Invitation for Bids

Notice No. **2081/82-2**

Date of first publication: **2081/04/25 (9th August, 2024)**

Government of Nepal, Ministry of Physical Infrastructure and Transport, Department of Roads, Federal Road Supervision & Monitoring Office Kathmandu, **Road Division Chandranigahpur** invites Open Competitive Bidding from all eligible Nepali bidders for construction works under National Competitive Bidding procedure.

| S. N | Contract No. | Name of Project | Estimated Amount (witout VAT & PS) NRs | Non-Refundable Fee for Bidding Document NRs. | Bid Security Amount NRs. | Bid Security Validity Period | Date of Bid Opening |
|---|---|---|---|---|---|---|---|
| 1 | RDCNP/33701169/ 2081/82-03 | Construction of Black Top Road Works Along Haripurwa Na.Pa.6 Dekhi Ishwarpur Na.Pa. ward no 15 mirchaiya Bazar Haripurwa sadak | 8521015.79 | 3000 | 2,41,000 | 120 | 2081-05-23 (8th Sept 2024) |
| 2 | RDCNP/33701169/ 2081/82-04 | Construction of Black Top Road Works Along Sukumariyasthan Janakinagar Madhuwan Goth Bara Udhoran Nepal Bharat Seema Sadak | 8541493.24 | 3000 | 2,41,000 | 120 | 2081-05-23 (8th Sept 2024) |
| 3 | RDCNP/33701169/ 2081/82-05 | Construction of Rigid Pavement along Basbariya Gaupalika Manpur dekhi Parpurwa Sasastra Camp hudain Bagmati Pul Sadak, Sarlahi | 8545900.63 | 3000 | 2,41,000 | 120 | 2081-05-23 (8th Sept 2024) |
| 4 | RDCNP/33701169/ 2081/82-06 | Construction of Blacktop works along Barahathawa Nagarpalika Hirapur dekhi Sahidpur hudain Hajariya ra Rajghat seema sammako Sadak, Sarlahi | 8541493.24 | 3000 | 2,41,000 | 120 | 2081-05-23 (8th Sept 2024) |
| 5 | RDCNP/33701169/ 2081/82-07 | Construction of Rigid Pavement along Hulaki Sadak Achalgadh Mod dekhi Mirzapur Arnaha hudain Balara Bazar Nepal Bharat seema Sadak | 8542144.62 | 3000 | 2,41,000 | 120 | 2081-05-23 (8th Sept 2024) |
| 6 | RDCNP/33701169/ 2081/82-8 | Road Improvement Works along Chakraghatta ga.pa. ward no 9 khoriya gau dekhi khoriya ko dhengra khola ko baadh samma ko sadak | 8546762.01 | 3000 | 2,41,000 | 120 | 2081-05-23 (8th Sept 2024) |
| 7 | RDCNP/33701169/ 2081/82-9 | Road Improvement Works along Parsa Ga.pa. 3 Border Dekhi Ward No. 4 Haripurwa Na.Pa 3 Sadak ,Sarlahi | 8503735.32 | 3000 | 2,41,000 | 120 | 2081-05-23 (8th Sept 2024) |
| 8 | RDCNP/33701169/ 2081/82-10 | Road Improvement Works along Jamuniya Dekhi Purba Sadak Kalopatre (4Km) ,Sarlahi | 8542212.87 | 3000 | 2,41,000 | 120 | 2081-05-23 (8th Sept 2024) |
| 9 | RDCNP/33701169/ 2081/82-11 | Road Improvement Works along Haripur nagarpalika Ward no 4 sthit Haraiya Chowk dekhi Haripur nagarpalika Ward no3 ra 5 ko simana jodne sadak, Sarlahi | 8545120.52 | 3000 | 2,41,000 | 120 | 2081-05-23 (8th Sept 2024) |
| 10 | RDCNP/33701169/ 2081/82-12 | Lalbakaiya ko Baudhapathara Bandh dekhi Ajagaibi-kopawa Pipariya Sadak, Ratahat | 8542014.86 | 3000 | 2,41,000 | 120 | 2081-05-23 (8th Sept 2024) |
| 11 | RDCNP/33701169/ 2081/82-13 | Baudhimai Kopawa-Narkatiya-8 Kharsalawa Bhartiye sima sadak Rautahat | 8540610.99 | 3000 | 2,41,000 | 120 | 2081-05-23 (8th Sept 2024) |
| 12 | RDCNP/33701169/ 2081/82-14 | Ellaka Prahari Karyalay dekhi Jhaj Nadi samm Gravel Dhalan and Nala Samet | 8526480.47 | 3000 | 2,41,000 | 120 | 2081-05-23 (8th Sept 2024) |
| 13 | RDCNP/33701169/ 2081/82-15 | Construction of River Training Works Along Brindaban -06, Kamalpati Rupa Ma. Vi.4km Sadak,Rautahat | 8545398.96 | 3000 | 2,41,000 | 120 | 2081-05-23 (8th Sept 2024) |
| 14 | RDCNP/33701169/ 2081/82-16 | Road Improvement along Ram Babu Sah ko Ghar dekhi Santosh Jaiswal ko Ghar Samm Dhalan, Rautahat | 8544283.45 | 3000 | 2,41,000 | 120 | 2081-05-23 (8th Sept 2024) |
| 15 | RDCNP/33701169/ 2081/82-17 | Jhanjh Nadi Pul Garuda na. pa. 1 Jayanagar Manpur road construction, Jayanagar Rautahat. | 8532159.67 | 3000 | 2,41,000 | 120 | 2081-05-23 (8th Sept 2024) |
| 16 | RDCNP/33701169/ 2081/82-18 | Construction of Rcc Road and Plum Work along Sarlahi ko Tribhuwan Bazar Lalbandi Hudae Marinchap Dumja Sinduli Sadak | 8534079.66 | 3000 | 2,41,000 | 120 | 2081-05-23 (8th Sept 2024) |
| 17 | RDCNP/33701169/ 2081/82-19 | Construction of Black Top Road Works Along Haripurwa Na.Pa.uchha Ma.Bi Dekhi Sichae Sector Samma Sadak Sarlahi | 8539895.47 | 3000 | 2,41,000 | 120 | 2081-05-23 (8th Sept 2024) |
| 18 | RDCNP/33701169/ 2081/82-20 | Road Improvement along Chandrapur-8 Santpur dekhi Brindaban Wada no. 1 dekhi wada no. 9 Gadhimai Sadak, Rautahat | 8541497.73 | 3000 | 2,41,000 | 120 | 2081-05-23 (8th Sept 2024) |

1. Eligible Bidders may refer complete set of Bid Document for further information at Road Division Chandranigahpur, Chandranigahpur, Rautahat or PPMO's website: www.bolpatra.gov.np/egp and Bidders shall have the option of submitting their bids electronically only.
2. For details, bidders are advised to visit website: www.bolpatra.gov.np/egp
3. Any amendment in the tender notice shall be posted in the notice board on the Division Roads Office, Chandranigahpur, Rautahat and PPMO's website: www.bolpatra.gov.np/egp.

# सुदूरपश्चिम सरकारले कर उठाउन अध्यादेश ल्यायो, बजेट ल्याएन

## आर्थिक वर्ष ०८०/८१ कै करका दरहरू यथावत्, खर्चका लागि छुट्टै अध्यादेश ल्याउने तयारी

धनगढीमा **तेजराज भट्ट**

सुदूररपश्चिम प्रदेशले तीन सातादेखि ठप्प रहेको राजस्व संकलन कार्य पुनः सुरु गर्न अध्यादेश ल्याएको छ। सरकारले 'सुदूरपश्चिम प्रदेश सामयिक राजस्व संकलनसम्बन्धी व्यवस्था गर्न बनेको अध्यादेश २०८१' जारी गरेको हो। सुदूरपश्चिम प्रदेश सरकारको सिफारिसमा प्रदेश प्रमुख नजिर मियाँले बिहीबार नै अध्यादेश प्रमाणीकरण गरेका छन्।

यसअघि बिहीबार बिहान बसेको मन्त्रिपरिषद् बैठकले कर संकलनसम्बन्धी अध्यादेश पारित गर्दै प्रदेश प्रमुखसमक्ष सिफारिस गरेको थियो। अध्यादेश जारी भएसँगै प्रदेश सरकारलाई राजस्व संकलन गर्ने बाटो खुला भएको छ। बजेट शून्यताको अवस्थामा सरकारले राजस्व संकलन गर्न पाउने व्यवस्थासहित अध्यादेश ल्याइएको आर्थिक मामिलामन्त्री बहादुरसिंह थापाले बताएका छन्। तर, सुदूरपश्चिमले कर उठाउन अध्यादेश ल्याए पनि खर्च गर्ने बजेट भने ल्याएको छैन।

आर्थिक मामिलामन्त्री थापाले अध्यादेशमा गत आर्थिक वर्ष ०८०/८१ कै करका दरहरू यथावत् राखिएको जानकारी दिए। प्रदेश सभाबाट बजेट र यससँग सम्बन्धित कानुन पारित हुन नसकेपछि सरकारले १ साउनदेखि राजस्व संकलन र खर्च गर्न पाएको छैन। संविधानको धारा २०३ ले कानुनबमोजिम बाहेक प्रदेशमा कुनै कर लगाउन र उठाउन नपाइने व्यवस्था गरेको छ।

सुदूरपश्चिम सरकाले गत आर्थिक वर्षको साउनमा करिब १२ करोड रुपैयाँ राजस्व संकलन गरेको थियो। अर्को बजेट नआउँदासम्म अध्यादेशअनुसार गत वर्षकै करका दरका आधारमा प्रदेशमातहतका निकायले अब कर संकलन गर्न पाउनेछन्। १ असारमा सदनमा पेस गरेको बजेटमा यातायातलगायत केही करका दर हेरफेर गरिएको थियो। तर, नयाँ बजेटअनुसार राजस्व संकलन गर्न नपाउँदा यातायात व्यवस्था कार्यालयलगायत प्रदेश सरकारमातहतका निकायका सेवा प्रभावित भएका थिए। अध्यादेशपछि प्रदेशका निकायहरूमा राजस्व संकलन कार्य सुचारु हुने सरकारले जनाएको छ।

### बजेट अझै अनिश्चित

अहिले अध्यादेशबाट राजस्व संकलनको बाटो खुला गरेको सरकारले नयाँ बजेटबारे निर्णय गरिसकेको छैन। बजेटबारे के गर्ने भनेर छलफल सुरु नभएको मन्त्री थापाले बताए। उनले खर्च गर्न पाउने गरी पनि अर्को अध्यादेश ल्याउने बताएका छन्। संविधानले ऐनअनुसार मात्रै खर्च गर्न सक्ने व्यवस्था गरेको छ।

जसअनुसार प्रदेश सभाबाट पारित बजेट वा अध्यादेशअनुसार मात्रै खर्च गर्न पाइनेछ। तर, प्रदेश सभामुख र प्रदेश उपसभामुखलाई दिइने पारिश्रमिक र सुविधाका रकम, प्रदेश लोकसेवा आयोगका अध्यक्ष र सदस्यलाई दिइने पारिश्रमिक र सुविधा रकम, प्रदेश सरकारको दायित्वको ऋणसम्बन्धी व्ययभार, प्रदेश सरकारविरुद्ध अदालतबाट भएको फैसला वा आदेशअनुसार तिर्नुपर्ने रकम र प्रदेश कानुनले प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने भनी निर्धारण गरेको रकम खर्च गर्न प्रदेश सभाको स्वीकृति आवश्यक नपर्ने संविधानको धारा २०६ मा उल्लेख छ। त्यस्तै, उधारो खर्च, आकस्मिक कोषलगायतको व्यवस्थासमेत संविधानले गरेको छ।

प्रदेशमा गत सोमबार मुख्यमन्त्री कमलबहादुर शाहको नेतृत्वमा सरकार गठन भएको थियो। मुख्यमन्त्री शाहसहित मन्त्रीहरूले सोमबार शपथ लिएका थिए।

अल्पमतमा परेको तत्कालीन मुख्यमन्त्री दीर्घबहादुर सोडारी नेतृत्वको सरकारले प्रदेश सभाबाट बजेट पारित गराउन नसकेपछि प्रदेश बजेट शून्यताको अवस्थामा छ। अघिल्लो सरकारका आर्थिक मामिलामन्त्री सुरेन्द्रबहादुर पालले १ असारमा ३१ अर्ब ६२ करोड ९८ लाख २८ हजार रुपैयाँको बजेट प्रस्तुत गरेका थिए। केन्द्रमा राजनीतिक समीकरण फेरबदल भएपछि एमाले आफ्नै मन्त्रीले ल्याएको बजेटको विपक्षमा उभिएको थियो।




# अन्नपूर्ण र मुस्ताङका हेलिकोप्टर उडानमा क्यानले लगायो रोक

## 'एयर अपरेटर सर्टिफिकेट (एओसी) किन निलम्बन नगर्ने' भनेर सोधियो ७२ घण्टे स्पष्टीकरण





**नवीन अर्याल**/नयाँ पत्रिका

नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)ले अन्नपूर्ण र मुस्ताङ हेलिकोप्टर उडानमा रोक लगाएको छ। सन् २०२४ को सात महिनाको अडिटमा सेफ्टी म्यानेजमेन्ट सिस्टम 'एसएमएस' ६० प्रतिशतभन्दा कम भएकाले दुईवटै हेलिकोप्टर कम्पनीलाई तत्काल लागू हुने गरी उडानमा रोक लगाइएको क्यानका सूचना अधिकारी ज्ञानेन्द्र भुलले जानकारी दिए।

उडान सुरक्षामा कमजोर देखिएपछि क्यानले दुवै हेलिकोप्टर कम्पनीलाई एयर अपरेटर सर्टिफिकेट (एओसी) किन निलम्बन नगर्ने भनेर ७२ घण्टा (तीन दिन)भित्र सफाइ पेस गर्न स्पष्टीकरण सोधेको छ। 'नागरिक उड्डयन नियमावली, २०५८ ले कुनै पनि वायुसेवा कम्पनीको एओसी निलम्बन वा खारेजी गर्नुभन्दा पहिला सम्बन्धित वायुसेवा कम्पनीलाई सफाइ पेस गर्ने मौका दिइनेछ भन्ने व्यवस्था गरेको छ, सोहीबमोजिम दुवै वायुसेवा कम्पनीलाई सफाइ पेस गर्न तीन दिनको समय दिइएको हो,' उनले भने, 'तीन दिनभित्र यथार्थपरक र प्रमाणसहित सन्तोषजनक जवाफ प्राप्त नभएमा एओसी निलम्बन गरिनेछ।' सेफ्टी म्यानेजमेन्ट सिस्टम कम भएका वायुसेवालाई 'यति समयभित्र इम्प्रुभमेन्ट यति प्रतिशतसम्म पुऱ्याउँछु' भनेर कम्पनीको स्पष्ट कार्ययोजना खोजेको उनको भनाइ छ।

अन्नपूर्णसँग एउटा र मुस्ताङसँग दुईवटा हेलिकोप्टर छन्। एक वर्षदेखि मुस्ताङले आफैँ हेलिकोप्टर ग्राउन्डेड गरेर राखेको थियो। तर, कम्पनी आफैँले ग्राउन्डेड गर्नु र क्यानले एओसी निलम्बन गर्नु फरक रहेको क्यानका एक अधिकारीले बताए। क्यानले सेफ्टी म्यानेजमेन्ट सिस्टम परिपालना नाजुक देखिएकाले कारबाही गरेको हो।

पछिल्लो समय दुई साताको अन्तरमा दुईवटा हवाई दुर्घटना भएका छन्। ९ साउनमा सौर्य एयरको सिआरजे जहाज त्रिभुवन विमानस्थलपरिसरमै दुर्घटना हुँदा १८ जनाको निधन भएको थियो। बुधबार मनाङ एयरको हेलिकोप्टर दुर्घटना हुँदा क्याप्टेन र चारजना चिनियाँ नागरिकको निधन भएको छ।

### मन्त्री पाण्डेद्वारा क्यानका पूर्वमहानिर्देशकहरूसँग छलफल

पर्यटनमन्त्री बन्द्रीप्रसाद पाण्डेले हवाई दुर्घटना न्यूनीकरणका सम्बन्धमा नागरिक उड्डयन प्राधिकरण (क्यान)का पूर्वमहानिर्देशकहरूसँग छलफल गरेका छन्। उनले पूर्वमहानिर्देशकहरूलाई मन्त्रालयमै बोलाएर नीतिगत, कानुनी र संरचनागत सुधारका लागि आवश्यक सुझाव मागेका हुन्।

छलफलमा महानिर्देशकहरूले कतिपय विमान कम्पनीले अन्तर्राष्ट्रिय नागरिक उड्डयन संस्था (आइकाओ)ले तोकेअनुसारको सेफ्टी म्यानेजमेन्ट सिस्टम (एसएमएस) लागू नगरेको र पाइलट तथा प्राविधिक जनशक्तिका लागि आवश्यक सुरक्षासम्बन्धी तालिमलगायतमा न्यून खर्च गर्ने गरेको जानकारी गराएका थिए। यस्तै, क्यानको पूरै संरचना र सञ्चालनबारे 'थर्ड पार्टी अडिट' गराउन आवश्यक भएको र त्यसका लागि अन्तर्राष्ट्रियस्तरका ख्यातिप्राप्त संस्थाबाट विज्ञ मगाउन सकिने पनि सुझाव उनीहरूले दिएका छन्।

# हवाई उडान सुरक्षासम्बन्धी छुट्टै नीति तर्जुमा गर्न संसदीय समितिको निर्देशन

**काठमाडौं**/ संसद्को अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिले हवाई उडान सुरक्षासम्बन्धी छुट्टै नीति तर्जुमा गर्न सरकारलाई निर्देशन दिने निर्णय गरेको छ। बिहीबार एयर डाइनेस्टीको हेलिकोप्टर दुर्घटना सम्बन्धमा पर्यटनमन्त्री, राज्यमन्त्री, सचिव, नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)का महानिर्देशकलगायतसँग बसेको समितिको बैठकले हवाई उडान सुरक्षासम्बन्धी छुट्टै नीति आवश्यक रहेको निष्कर्ष निकालिएको हो।

समितिले नागरिक उड्डयन प्राधिकरणसम्बन्धी कानुनलाई संशोधन तथा एकीकरण गर्न बनेको विधेयक र नेपाल हवाई सेवा प्राधिकरणको स्थापना र व्यवस्थापन गर्न बनेको विधेयक यथाशीघ्र संघीय संसद्मा पेस गर्न मन्त्रिपरिषद्को कार्यालय र तालुकदार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई निर्देशन दिएको छ।

यस्तै, समितिले हवाई दुर्घटना, सुरक्षा र नियमनसँग सम्बन्धित सरकार र मन्त्रालयद्वारा गठित छानबिन समिति एवं कार्यदलमार्फत पेस भएका अध्ययन-अनुसन्धानमूलक प्रतिवेदन के र कुन अवस्थामा छन् ? सो जानकारीसहित विवरण समितिलाई यथाशीघ्र उपलब्ध गराउन सरकारलाई निर्देशन दिएको छ। नेपालको हवाई सुरक्षा, सुरक्षा मापदण्डको अवस्था तथा नेपालको विद्यमान नागरिक उड्डयनसम्बन्धी कानुन एवं अन्तर्राष्ट्रिय अभ्यासअनुरूप कार्यान्वयन भए-नभएको सम्बन्धमा १५ दिनभित्र छानबिन गरी आवश्यक नीतिगत सुधार गर्न र कोही दोषी देखिएमा कारबाहीको सिफारिस गर्न विज्ञहरूको संलग्नतामा एक स्वतन्त्र छानबिन समिति गठन गर्न पनि निर्देशन दिइएको छ।

पछिल्लो समयमा निरन्तर भइरहेका हवाई दुर्घटनाका सम्बन्धमा दुर्घटनापिच्छे नै छानबिन समितिहरू बन्ने गरे पनि समग्र हवाई सुरक्षाको अवस्थामा सुधार आउनुको सट्टा झन् कमजोर बन्दै गइरहेको देखिएको समिति बैठकको निष्कर्ष छ।

समितिको बैठकमा संसद्हरूले हवाई दुर्घटना बढ्दै गइरहेको भन्दै चिन्ता व्यक्त गरेका थिए। उनीहरूले बढ्दो हवाई दुर्घटनाको सरकार र प्राधिकरण नेतृत्वले जिम्मेवारी लिनुपर्ने भन्दै आक्रोश व्यक्त गरेका थिए। संसद्ले क्यानका महानिर्देशकले नैतिकताका आधारमा राजीनामा दिनुपर्ने वा दुर्घटना छानबिन प्रतिवेदन नआउँदासम्म निलम्बन गरिनुपर्ने बताएका थिए। संसद्ले उठाएको प्रश्नको जवाफ दिँदै क्यानका महानिर्देशक प्रदीप अधिकारीले दुर्घटनाबारे विस्तृत छानबिनपछि मात्र थाहा हुने बताए।

